छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २५ •अंक २७७ • २०७९ साल फाल्गुन १८ गते बिहिबार (2 March, Thursday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

यौन दुराचारी जहाँ पनि हुन सक्छन्,
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

## मौलापुर पुगेका अख्तियारको टोलीलाई स्थानीयले भगाए

**टुडे समाचारदाता**

गरुडा(रौतहट )। रौतहट जिल्लाको मौलापुर नगरपालिका वड़ा नम्बर १ मर्यादपुरमा वितरण गरिएको राहत सामग्रीको सम्बन्धमा छानबिन गर्न आएका अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीलाई स्थानीयहरुले भगाएका छन।

कोभिड़ १९ को महामारी फैलिएको बेला मधेशी महिला समाज उत्थान केन्द्रले वितरण गरेको राहत सामग्रीको भुक्तानी मौलापुर नगरपालिकाले गरेको भनि परेको उजुरीको आधारमा स्थलगत अनुसन्धान गर्न पुगेको आयोगको टोली घरमा बसेर आरोपितको पक्षमा मुचुल्का बनाउदै गरेको बखत समूहमा पुगेका गाउलेहरुले टोलीका सदस्यहरुलाई लखेटेको बताइएको छ।

मौलापुर नगरपालिकाका प्रमुख रीना साह समेतलाई विपक्षी बनाएर दर्ता गराइएको उजुरीको बारेमा छानबिन गर्न आएका आयोगको टोली आरोपितहरुको अनुकूलताका लागि पार्टी कार्यकर्तासंग मुचुल्का गराउँदै गर्दा गाउँलेहरु लखेटेको तत्कालीन वड़ा अध्यक्ष एवं मेयरका प्रत्यासी राम प्रवेश यादवले जनाएका छन्।

मेयर साह प्रतिनिधिसभा सदस्य प्रभु साहकी पत्नी हुन् ।उनी दोस्रो कार्यकालमा पनि मेयर निर्वाचित भएकी हुन्। यस महिनाको ५ गते विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रका इञ्जिनियरलाई कुटपिट गरेको आरोप लगाउँदै साह विरुद्ध विद्युतका कर्मचारीहरु आन्दोलित भएका छन्। निवेदक समेत रहेका यादवले आयोगका अनुसन्धान टोलीले आरोपिहरुलाई दोषमुक्त गराउने उद्देश्यले मुचुल्का गर्न थालेको आरोप लगाएका छन्।

मधेशी महिला उत्थान समाजको अध्यक्ष बबिता पांडेयले संस्थाबाट राहत वितरण गरेको भनेको र पछि नगरपालिका बाट भुक्तानी गरिएकोले उजुरी गरेको यादवले बताए।

नगरपालिकाबाट सस्थाले वितरण गरेको राहतको रकम किन भुक्तानी भएको भन्दा मेयरले गरेको छु खोज्नु छ भनि खोज्नु केही फरक पर्देन भनि दिएको जवाफको आधारमा आयोगमा प्रमाण सहित उजुरी परेको बताइएको छ।

यस सम्बन्धमा अख्तियारको कार्यालय बर्दिबास र हेटौडामा सम्पर्क गर्दा अनुसन्धान टोली गएको पुष्टि भएको छैन्।अख्तियारको बर्दिबास र हेटौडा कार्यालयले रौतहट जिल्लाको मौलापुरमा अनुसन्धानको टोली बुधवार खटेको सम्बन्धमा पुष्टि गरेन्।

## शम्भुनाथ नगरपालिकाका मेयर गुप्ता, इञ्जिनियर साह निलम्बन

**टुडे समाचारदाता**

राजविराज।सप्तरीजिल्लाको शम्भुनाथ नगरपालिकाका नगर प्रमुख जितेन्द्रप्रसाद गुप्ता र उनका मतियार इञ्जिनियर(इ.)रामचन्द्र साह बुधवार निलम्बित भएका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नगरप्रमुख गुप्ता र इ.साह विरुद्ध घूस लिएको अभियोग लगाउँदै विशेष अदालतमा आरोपपत्र दायर गरेसँगै दुबै जना निलम्बित भएका छन्।

विशेष अदालतमा आरोपपत्र दायर भएसँगै स्वतः निलम्बित भएका प्रमुख गुप्ता अख्तियारको कारबाहीबाट निलम्बनमा पर्ने दोस्रो हुन् ।यस अघि राजविराज नगरपालिकाका नगर प्रमुख भिमराज यादव भ्रष्टाचार मुद्दामा निलम्बनमा परेका हुन्। उनी विरुद्ध विशेष अदालतमा भ्रष्टाचारको आरोपमा अख्तियारले दायर गरेको मुद्दाको निरुपण भएको छैन्।

नगरप्रमुख हुनु अगावै उनले राजविराज रंगशालामा गरेको निर्माण कार्यमा अनियमितताको आरोपमा अख्तियारले छानबिन गरी यादव मेयर भएपछि मुद्दा दर्ता गरेको हो।

नगरपालिकाका इ.साहले विद्यालय भवन निर्माणको अन्तिम किस्ता भुक्तानीमा ठेकेदारसित १ लाख ४० हजार रुपैया घुस लिइसकेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीको टोलीले पक्राउ गरेको थियो।

अख्तियारले इ.साहसितको सोधपुछमा मेयर गुप्ताको संलग्नता समेत पुष्टि भएको जनाउँदै दुबै जनामाथि विशेष अदालतमा मुद्दा दायर गरिएको जनाएको छ।

गुप्ताका लागि घुस असुली गर्ने प्रमुख भूमिका इ.साहले निर्वाह गर्दै आएको बताइन्छ। अख्तियारको अनुसन्धानमा समेत मेयर गुप्ता र इ.साहमात्र संलग्न देखिएका छन्। भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उप दफा (१) बमोजिमको कसूरमा आरोपपत्र दायर गरिएको अख्तियारले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

अख्तियारको इटहरीस्थित कार्यालयबाट खटिएको टोलीले इ. साहलाई १ लाख ४० हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा माघ ३ गते नियन्त्रणमा लिएको थियो। साहलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको अख्तियारले नगर प्रमुख गुप्ताको पनि संलग्नता पाएपछि उनी समेतलाई विपक्षी बनाई विशेष अदालतमा आरोपपत्र दायर गरेको हो।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) को कसूरमा बिगो १ लाख ४० हजार कायम गरी भ्रष्टाचार निवारण ऐन ,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफा ३ को उपदफा(१) को खण्ड (घ) बमोजिम कैद र बिगोबमोजिम जरिवानाको माग दाबी सहित विशेष अदालतमा आरोपपत्र दायर गरिएको अख्तियारको विज्ञप्तीमा जनाइएकोछ।

स्थानीय तहको चालु कार्यकालमा मधेश प्रदेशका ३ जना मेयर निलम्बनमा परेका छन् ।सप्तरी जिल्लाको राजविराज नगरपालिकाका मेयर यादव, शम्भुनाथ नगरपालिकाका मेयर गुप्ता र रौतहट जिल्लाको फतुवा विजयपुरका मेयर गोपाल राय यादव निलम्बित छन्।

फतुवा विजयपुरका मेयर यादवले अघिल्लो कार्यकालमा ठेक्काको धरौटी रकम गैरकानूनी रुपमा फिर्ता गरेको अभियोगमा अख्तियारले विशेष अदालतमा आरोपपत्र दर्ता गरेपछि निलम्बनमा परेका हुन्।

कार्यकालको पहिलो वर्ष पूरा नहुँदै निलम्बनमा परेका शम्भुनाथ नपाका मेयर गुप्ता नेकपा एकीकृत समाजवादी पार्टी(एस)बाट निर्वाचित भएका हुन् ।राजविराज नगरपालिकाका मेयर यादव जनता समाजवादी पार्टी(जसपा)बाट निर्वाचित भएका हुन् ।विजयपुर फतुवा नगरपालिकाका मेयर यादव नेपाली कांग्रेसबाट निर्वाचित भएका हुन्। उनीहरु सबैको मुद्दा विशेष अदालतमा विचाराधीन रहेको छ।




## अस्पतालको कागजात अख्तियारको कब्जामा

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्सा जिल्लाको धोबिनी गाउँपालिकामा निर्माणाधीन अस्पतालको कागजात र प्रयोग गरिएको निर्माण सामग्रीको नमुना अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाले लगेको छ।

धोबिनी गाउँपालिकाको -२ भिखमपुरमा निर्माणाधीन १५ शैय्याको अस्पताल निर्माणमा कमसल सामग्री प्रयोग गरिएको उजुरीको छानबिन गर्ने क्रममा बुधवार कागजात सहित नमुना लगिएको गाउँ पालिकाका अध्यक्ष मदनप्रसाद चौहानले पुष्टि गरे। अस्पताल निर्माणका लागि १४ करोडको टेण्डर गरिएको थियो। तर बुद्ध/ड्रेगन/बस्नेत जेभीले १० करोडमा नै सकारेको थियो।

अख्तियारको हेटौडा कार्यालयका सूचना अधिकारी विष्णु सापकोटोले अस्पताल निर्माणको अनुसन्धान थालिएको बताएका छन् ।उनले निर्माण सामग्रीको नमुना संकलन गरी ल्याइएको बताउँदै त्यसको गुणस्तरको जाँच गरिने बताए।






महोत्तरी जिल्लाको मनराशिस्वा नगरपालिकाले नगरक्षेत्रका २०० छात्रछात्रालाई युवा संस्कार शिविरमा योग शिक्षा दिँदै । तस्विर : रासस

# हरपुरमा ईस्तामा हुने

**टुडे समाचारदाता**

कलैया । जितपुरसिमरा उपमहानगरपालिका वडा नं २४ स्थित हरपुरमा फागुन २७ गते देखि ईस्तामा हुने भएको छ।

करीब ४० बिघा जग्गामा हुने ईस्तामाको तयारी तीव्र रुपमा भइरहेको छ। ईस्तामा फागुन २७ गते देखि सुरु भइ ३० गतेसम्म चल्ने भएको जनाइएको छ। ईस्तामामा खानेपानीको सहज व्यवस्थापनका लागि २४ वटा खानेपानीको धारा जडान गरिएको छ।



प्रवचन सुन्न आउने मानिसहरुलाई सहजताको लागि ६ सय वटा सौचालयको निर्माण गरिएको छ। ईस्तामा वन्जु खाना,ईस्तिजा खाना,गुसल खानाको बेवास्ता गरिएको छ।

ईस्तामा अवधिभर करिब १ हजार २ सय जना स्वयंसेवकहरु खटिने भएको छ। ईस्तामामा नेपाल र भारतका विभिन्न ठाउँहरुबाट हजारौँको संख्यामा मुस्लिम धर्मलम्बीहरुको सहभागिता रहने आयोजकले जनाएको छ।

# आगलागीमा हजारौँको क्षति

**टुडे समाचारदाता**

राजविराज। आंगनमा खाना



पकाउने क्रममा चुलोबाट आगो सल्केर बुधबार दिउँसो डाक्नेश्वर नगरपालिका -५ मुसहरि टोलका टुनी सदाको घर खरानी भएको छ। आगलागीबाट १ लाख ३३ हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ। डिएसपी नरेशकुमार सिंहका अनुसार सदाले घरमा राखेको ३० हजार नगदका साथै खाद्यान्न, लत्ताकपडा, फर्निचरलगायतका कुनै प्रकारको सामान निकाल्न पाएनन्।

स्थानीयवासी र प्रहरीको संयुक्त प्रयासमा आगोमाथि नियन्त्रण कायम गर्न सकिएको उनले बताए।

आगलागिका घटनामा वृद्धि हुन थालेपछि अहिले जिल्लाका विभिन्न स्थानमा आगलागी नियन्त्रणका लागि टोली नै परिचालन गरी सचेतना अभियान चलाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# महोत्तरीमा डढेलोले सखाप हुँदै वन



महोत्तरी । मध्यफागुनमै महोत्तरीको वन क्षेत्रमा जताततै डढेलो लागेको छ। डढेलोबाट स-साना बिरुवा नष्ट हुन थालेका छन्। यसपालि हिउँदभरि पानी नपरेकाले डढेलो चाँडै फैलने खतरा छ। बर्दिबास र गौशाला नगरपालिका क्षेत्रका राष्ट्रिय वन (सामुदायिक वन), साझेदारी वन, धार्मिक वन र सागरनाथ वन विकास परियोजनाका प्लटमा तथा पूर्वपश्चिम राजमार्ग वरपरका वन क्षेत्रमा धुँवाको मुस्लो जताततै देखिन्छ।

बर्दिबास नगर क्षेत्रभित्र चार सबडिभिजन कार्यालय (बाँके, टुटेश्वर, गणन्ता र गौरीडाँडा) छन्। यहाँ सशस्त्र वन सुरक्षा कार्यालय पनि छ। यसबाहेक सागरनाथ वन विकास परियोजनाको कार्यालय र पोष्ट पनि छन्। बर्दिबास-५ टुटेश्वरका बुद्धिराज काफ्ले भन्नुहुन्छ, "डढेलो लगाउनेहरू कहिल्यै समातिएनन्।" डढेलो बस्तीमै आइपुग्ने चिन्ताले राम्ररी सुत्न नसकेको उहाँको भनाइ छ।

डढेलोका साथै वन क्षेत्रमा सुरक्षा गस्ती नगर्दा रुखका लाथ्रा काट्ने क्रम ह्वात्तै बढेको छ। साझेदारी वनका समिति र कार्यालय एवं सामुदायिक वन उपभोक्ता समिति पनि वन सम्पदा सुरक्षामा नभई उपभोगमा मात्र लागेका गुनासो छ। उनीहरूको उदासिनताले वन उजाड हुँदै गएको गौशाला-१० लक्ष्मीनियाँका लक्ष्मीप्रसाद महतो बताउनुहुन्छ।

"दिनदिनै डढेलोले वन खरानी हुँदै छ", उहाँले भन्नुभयो। वन कर्मचारीको उदासिनताले वन सखाप भइरहेको उहाँको भनाइ छ। डढेलो लगाए नयाँ घाँस पलाउने विश्वासले वनमा डढेलो लगाउने गरेको पाइन्छ। गोठालाले बढीजसो डढेलो लगाउने गरेका पाइएको छ। जिल्लाको वन क्षेत्र मासिने क्रम बढेको छ।

जिल्लामा राष्ट्रिय वन, सामुदायिक, साझेदारी, धार्मिक र सागरनाथ वन विकास परियोजनाको समेत गरी २४ हजार चार सय ६५ हेक्टर क्षेत्रफलमा वन रहेको डिभिजन वन कार्यालयले जनाएको छ। पर्याप्त जनशक्ति नहुँदा सबै क्षेत्रमा सघन गस्ती गराउन नसकिएको कर्मचारी बताउँछन्। डढेलो नियन्त्रणमा सर्वसाधारणको सहयोग आवश्यक भएको गणन्ता सबडिभिजन वन कार्यालय बर्दिबास-५ माइस्थानका कार्यालय प्रमुख सहायक वन अधिकृत रामसुन्दर साह बताउनुहुन्छ।

वन क्षेत्रको नियमित गस्ती र कारबाही प्रक्रिया दुरुस्त गर्न वन सुरक्षा र जिल्लास्थित अन्य सुरक्षा निकायको समन्वयमा संयुक्त टोली बनाइएको सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले बताउनुभयो। "वन क्षेत्रभित्र सशस्त्र प्रहरी र नेपाल प्रहरीका पोष्टसमेत छन्, यी सबैको संयुक्त गस्ती बढाइनुपर्छ", उहाँले भन्नुभयो। रासस

# करोडौं ठगी गर्ने शाहविरुद्ध कानुनी कार्वाहीमा उत्रिए सिआईबी

काठमाण्डु । केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले पृथ्वीबहादुर शाह र उनका सहयोगीहरुविरुद्ध ठगीसँगै लिखतसम्बन्धी कसूर, सहकारी ठगी र संगठित अपराध गरेको कसुरमा मुद्दा अघि बढाउने भएको छ।

ब्यूरोले बुधवार यहाँ पत्रकार सम्मेलन गरी आरोपित शाह र उनका सहयोगीहरुमाथिको अनुसन्धान सकिएको जानकारी दियो।

शाहको समूहमा रहेका व्यक्तिहरुले संगठित रुपमा अबैध सम्पत्ति आर्जन गर्ने उद्देश्यले २४ भन्दा बढी कम्पनीको स्थापना गरी विदेशी नागरिकहरुलाई एन्टी भाइरस अपडेट, अमाजोनको बिल भुक्तानी जस्ता निहूँमा इमेलमार्फत सम्पर्क स्थापित गरी ठगी गर्ने गरेको अनुसन्धानबाट भेटिएका थियो।

पत्रकार सम्मेलनमा जानकारी दिइएअनुसार त्यस समूहले पीडितलाई फोन सम्पर्क गरी नियमित गतिविधिको निगरानी गर्ने र अन्तर्राष्ट्रिय पद्धति भएकाले 'रिमोट एक्सेस' दिनुपर्छ भनी पीडितलाई विश्वासमा पारेर डिभाइसमा नक्कली बैंक स्टेटमेन्ट पठाई रकम जम्मा भएको देखाउने र उक्त रकम फिर्ता गर्न लगाई ठगी गर्ने गरेको थियो।

त्यस समूहले विशेष गरी क्यान्सर पीडित तथा जेष्ठ नागरिकहरुलाई लक्ष्य बनाएको थियो।

पृथ्वी बहादुर शाह सम्बद्ध रहेको कम्पनी तथा व्यक्तिहरुको बैंक खाताहरुमा विदेशी नागरिकहरुलाई ठगी गरी 'स्वीफ्ट' मार्फत जम्मा गर्न लगाएको विदेशी मुद्राको रुपान्तरित नेपाली रुपैयाँ ३८ करोड ८६ लाख ६२ हजार मध्येबाट निज पृथ्वी बहादुर शाहले जग्गा खरिद, घर निर्माण, शेयर तथा सुन खरिद गर्नाका साथै कम्पनी दर्ता तथा बीमा लगायतका क्षेत्रहरुमा लगानी गर्ने गरेको प्रहरी उपरीक्षक सञ्जय सिंह थापाले जानकारी दिनुभयो।

ठगी र संगठित अपराधका आरोपित पृथ्वी बहादुर शाह र विजय विक्रम शाहसमेत ७ जनालाई पक्राउ गरिसकिएको छ। अन्य १३ जना भने फरार छन्। रासस

## बजार अनुगमन, ठूलो परिमाणमा सामान नष्ट

वीरगञ्ज। होली पर्वलाई दृष्टिगत गरी वीरगन्ज महानगरपालिकाले सुरु गरेको बजार अनुगमनका क्रममा ठूलो परिमाणमा म्याद नाघेका सामान बरामद गरी नष्ट गरिएको छ।

सरोकारवाला निकायसँग समन्वय गरी महानगरपालिकाले बजार अनुगमन थालेको हो। वीरगन्ज महानगरपालिका-९ स्थित पानगल्लीमा रहेका किराना तथा खाद्यान्न पसलमा अनुगमन गर्दा विभिन्न पसलबाट म्याद नाघेको पिठो, बिस्कुट, खानेतेललगायत सामान नष्ट गरिएको वीरगन्ज महानगरपालिकाका खाद्य अधिकृत विपीनलाल दासले जानकारी दिनुभयो।

पानगल्लीस्थित सुमित्रा ट्रेडर्स एण्ड सप्लायर्स, श्री श्याम ट्रेडर्स, बालाजी ट्रेडर्स, सिद्धिदाता ट्रेडर्स, वर्णबाल जेनरल सप्लायर्स, गहवामाई सप्लायर्स र श्री गढीमाई स्टोर्समा अनुगमन गर्ने क्रममा धेरैजसो पसलमा व्यवसाय अनुमतिपत्र नलिई सञ्चालन गरेको, मूल्यसूची नराखेको, पसलको बोर्ड नराखिएको, म्याद गुज्रेको सामान, लिकेज ब्रेकेज सामान राख्ने ठाउँ नराखिएको पाइएको खाद्य अधिकृत दासले बताउनुभयो।रासस

# गल्फ सेवा समाजको रक्तदान



**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा गल्फ सेवा समाजद्वारा रक्तदान कार्यक्रमको सम्पन्न गरिएको छ। सो कार्यक्रममा बुधबार तप्सीचोकमा १५ जनाले रक्तदान गरेका थिए।

र े ड त्र ृ स जनकपुरधाम शाखाको प्राविधिक सहयोग र संस्थाका हकिम राइनको सक्रियतामा भएको सो रक्तदान कार्यक्रममा मैनुद्दिन कबार ी,मोहम्मद जसीफ कवारी,मोहम्मद रबुद्दिन कवारी,मइनुरिन कवार ी,मुस्तफा खान,मोहम्मद सहबाज राइनलगायतका व्यक्तिहरुले रक्तदान गरेको जनाइएको छ।

रेडक्रस जनकपुरधाममा रगतको अभाव रहेको सुनेपछि रक्तदान कार्यक्रमको आयोजना गरिएको संस्थाका प्रतिनिधि हकिम राइनले बताए।

रक्तदान कार्यक्रमको आयोजना गरी मुस्लिम समुदायमा रगत दान गर्नेलगायतका कार्यक्रमहरुप्रति चेतनामा कमी रहेकोले समाजसेवा प्रति जनचेतना फैलाउने उद्देश्यले समेत यस कार्यक्रमको आयोजना गरिएको उनले बताए।

संस्थाले अहिलेसम्म जनकपुरधाममा पाँच पटकसम्म रक्तदान कार्यक्रमको आयोजना गरिसकेको जनाएको छ।

# सर्लाहीमा पाँच हजारभन्दा बढी शिक्षक दरबन्दी रिक्त

सर्लाही। सर्लाहीका सामुदायिक विद्यालयमा पाँच हजारभन्दा बढी शिक्षक कर्मचारीको दरबन्दी खाली छ। जिल्लामा चार सय ७८ सामुदायिक विद्यालय रहेकामा पाँच हजार तीन सय १७ शिक्षकको दरबन्दी खाली छ।

जिल्लामा चार सय ७८ सामुदायिक विद्यालय रहेकामा दुई हजार तीन सय ८८ शिक्षक कार्यरत छन् भने पाँच हजार तीन सय १७ शिक्षकको दरबन्दी खाली रहेको शिक्षा विकास तथा समन्वय एकाइ सर्लाहीका प्राविधिक सहायक सुनिल कुशवाहले जानकारी दिनुभयो। त्यस्तै विद्यालय सहायक परिचर चार सय ७८, विद्यालय सहयोगी कर्मचारी ८६ तथा निजी स्रोतका शिक्षक एक सय आठ दरबन्दीमा कार्यरत रहेका उहाँले बताउनुभयो। जिल्लामा रहेका चार सय ७८ सामुदायिक विद्यालयमा पाँच हजारभन्दा बढी जनशक्ति कार्यरत रहे पनि सामुदायिक विद्यालयको अवस्था दिनानुदिन खस्कँदो छ। जिल्लामा रहेका चार सय ७८ सामुदायिक विद्यालयमा दुई हजार नौ सय ३९ शिक्षकको दरबन्दी अतिआवश्यक रहेको कुशवाह बताउनुहुन्छ।

रिक्त शिक्षक दरबन्दी पदपूर्ति नहुँदा सामुदायिक विद्यालयले गुणस्तरीय शिक्षा प्रवाह गर्न नसकेको गुनासो आउने गरेको उहाँको भनाइ छ। जिल्लामा अधिकांश सामुदायिक विद्यालयमा तहगत शिक्षक, विषयगत शिक्षक र विद्यार्थी तथा शिक्षकको अनुपात मिलान नहुँदा शिक्षा र अध्यापनमा सुधार हुन सकेको छैन। बीस स्थानीय तह रहेको सर्लाहीमा हरेक स्थानीय तहमा १० भन्दा बढी सामुदायिक विद्यालय छन्। सुामदायिक विद्यालयको गुणस्तर खस्किँदो अवस्थामा रहेका कारण विद्यार्थी सङ्ख्या न्युन हुँदै गएको छ।रासस

## तपाईको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख। |
| बृष | : बौद्धिक क्षमता। |
| मिथून | : सुख समृद्धि हुने। |
| कर्कट | : प्रतिभा सम्पन्नता। |
| सिंह | : पुरस्कार प्राप्त लाभ। |
| कन्या | : वाद विवादबाट बच्नु। |
| तुला | : अवसर प्राप्त। |
| वृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : नयाँ कार्य हुने। |
| कुम्भ | : धन वृद्धि सञ्चय। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# इन्धनको मूल्य यथावत

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल आयल निगमले इन्धनको मूल्य नघटाउने निर्णय गरेको छ ।

भारतबाट खाना पकाउने ग्यााँसबाहेक अन्य सबै प्रकारका इन्धनको मूल्य घटेर आए पनि उपभोक्ता मूल्य हाललाई यथावत राख्ने निगमले जनाएको छ ।

निगमका प्रवक्ता विनितमणि उपाध्यायका अनुसार हाललाई इन्धनको मूल्य यथावत राख्ने निर्णय भएको छ ।

भारतीय इन्धन बिक्रेता कम्पनी भारतीय आयल कर्पोरेसन (आईओसी) ले बुधबार इन्धनको नयाँ सूची पठाएको छ । जसअनुसार खाना पकाउने ग्यााँसको मूल्य बढेको र डिजल तथा पेट्रोलको घटेर प्राप्त भएको निगमले जनाएको छ ।

नयाँ मूल्यअनुसार निगमलाई डिजलको लागत ५ रुपैयाँ ५ पैसाले सस्तो भएर आएको छ । यस्तै पेट्रोलमा १ रुपैयाँ २१ पैसा लागत घटेको निगमले जनाएको छ । निगमलाई मट्टीतेलमा ३ रुपैयाँ ४० पैसाले लागत घटेको र हवाई इन्धनमा ७ रुपैयाँ ३ पैसाले लागत घटेको छ ।

अन्य सबै प्रकारका इन्धनको लागत घट्दा खाना पकाउने ग्यााँसको लागत भने बढेको निगम स्रोतको दाबी छ । निगमलाई प्राप्त नयाँ मूल्यअनुसार खाना पकाउने ग्यााँसको लागत प्रतिसिलिण्डर ३३९ रुपैयाँले बढेको छ ।

पछिल्लो मूल्यपछि पनि निगमलाई १५ दिनमा ४४ करोड रुपैयाँ नाफा छ । निगमलाई गत आवको नोक्सानीबाट ऋण र बक्यौता गरेर साढे १५ अर्ब रुपैयाँ दायित्व भने बाँकी नै रहेको निगमले दाबी गरेको छ ।

# अस्पतालमा टोकन प्रणाली

**टुडे समाचारदाता**

राजविराज । स्वास्थ्य सेवा लिन आउनेको चाप बढ्दै गएपछि सहज, सरल र व्यवस्थित ढंगले सेवा प्रदान गर्न गजेन्द्र नारायण सिंह अस्पतालमा बुधबारदेखि टोकन प्रणाली सेवा लागु गरिएको छ ।

उक्त सेवाको एक कार्यक्रमबीच प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले उद्घाटन गरेका छन् । अस्पतालमा सुधारको प्रयास थालेसँगै अहिले दैनिक ५ सयदेखि ८ सयसम्म विभिन्न रोगका बिरामी स्वास्थ्य सेवा लिन आउने गरेको अस्पतालका नायब सुब्बा रेमन्त रादवले बताए ।

बिरामीको चाप बढेसँगै सेवा प्रवाहा अस्तव्यस्त हुन थालेपछि यसलाई व्यवस्थापन गर्न टोकन



प्रणाली लागु गरिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाश साहले बताए ।

यसले समयको बचत, सेवा प्रवाहको उचित व्यवस्थापनका साथै बिरामी र उनका आफन्तले पूर्जा काट्न घण्टौं लाइन लाग्नुपर्ने बाध्यताको अन्त हुने विश्वास गरिएको प्रमुख जिल्ला अधिकारी थापाले बताए ।

उक्त टोकन प्रणाली अस्पतालबाट उपलब्ध हुने सबै खाले सेवामा लागु गरिएको र यसको प्रभावकारी कार्यान्वयनका लागि थप कर्मचारी समेत परिचालन हुने अस्पताल प्रशासनले जनाएको छ ।

# तस्करीका काठसहित सदा पक्राउ

**टुडे समाचारदाता**

राजविराज । अवैध रुपमा वनजंगल फडानी गरी काठ तस्करी गरिरहेको अवस्थामा एक जना पक्राउ परेका छन् । प्रहरीका अनुसार बुधबार बिहान सप्तरीको खडग नगरपालिका-४ पंसेरा वन क्षेत्रबाट सोही वडाका ४५ वर्षीय अशोक कुमार सदा तस्करीका काठसहित पक्राउ परेका छन् ।

काँधमा बोकेर सखुवाको काठ लिइ जाँदै गरेको सूचनाको



आधारमा इलाका प्रहरी कार्यालय कडरबोनाबाट खटेको टोलीले सदालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेशकुमार सिंहले जानकारी दिए ।

सदाको साथबाट साखुको २५ क्युविक फिट काठ बरामद गरिएको उनले बताए । उक्त काठको ७० हजार रुपैयाँ मूल्याङ्कन गरिएको छ । बुधबार नै बरामद काठसहित सदालाई आवश्यक कारबाहीका लागि डिभिजन वन कार्यालय सप्तरीमा बुझाइएको प्रहरीले जनाएको छ ।

# कराते महासंघको जिल्ला अध्यक्षमा कर्ण

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल कराते महासंघ धनुषा जिल्ला तदर्थ समितिको गठन गरिएको छ ।

महासंघको मधेश प्रदेशका प्रमुख रामचन्द्र ठाकुरको उपस्थितिमा बसेको करातेकर्मीहरुको एक भेलाले ७ वीरेन्द्र कर्णको अध्यक्षतामा सात सदस्यीय समितिको गठन गरेको छ ।

समितिको वरिष्ठ उपाध्यक्षमा अखिल मढी,उपाध्यक्षमा रामपुनित महतो, महासचिवमा सुभाष कुमार शर्मा तथा कोषाध्यक्षमा शिव शंकर यादवको चयन गरिएको छ ।

सर्वसम्मतिले चयन भएको सो समितिको सदस्यहरुमा ईसराफुल राइन तथा राजकुमार साह रहेका छन् । त्यस्तै,समितिको सल्लाहकारमा सुभाष पाठकको चयन गरिएको छ । त्यस्तै,समितिको प्रदेश प्रतिनिधिमा रामचन्द्र ठाकुर,जीवछ भगत, पाल्छाँग योन्जन र निश्चल सिंहको नाम सिफारिश गरिएको जनाइएको छ ।

# एक जनाको मृत्यु

**रञ्जन यादब**

कलैया । बारामा हात्तीको आक्रमणबाट एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा जितपुरसिमरा उपमहानगरपालिका टाँगियाबस्तीका ४५ वर्षीया जापाङ दर्लामी रहेका छन् ।

मगरलाई जंगल जाने क्रममा गाउँ नजिकै हात्तीले आक्रमण गरेको र घटनास्थलमै उनको मृत्यु भएको वडाध्यक्ष हरिदेव खरेलले जानकारी दिए ।

जंगली हात्तीको आक्रमणबाट दर्लामीको मृत्यु भएपछि स्थानीय आतंकित बनेका छन् । हात्ती बस्तीमा आउने क्रम नरोकिएपछि स्थानीयहरु भाग्न थालेको र त्रासको स्थिति रहेको वडा अध्यक्ष खरेलले बताए ।

# सम्राट सेनाद्वारा चक्का जाम

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम ढल्केवर सडक खण्डको रमदैयामा हिन्दू सम्राट सेना तथा विश्व हिन्दू परिषद् आबद्ध युवाहरुले मन्दिरमा चोरी भएको घटनाका दोषीलाई तत्काल पक्राउ गर्नुपर्ने माग गर्दै विरोध प्रदर्शन गरेका छन् ।

मन्दिरका पुजारी,दीपक ठाकुर,पप्पु गुप्ता,राजु साहलगायतका दर्जनौ युवाहरुले चोरलाई तत्काल पक्राउ गर्नुपर्ने ,मन्दिरलाई सुरक्षा प्रदान गर्नुपर्नेसहितका माग राखी जनकपुरधाम ढल्केवर सडक खण्ड अवरुद्धसमेत गरेका थिए । युवाहरुको चक्का जामको कारण सवारी आवागमन अवरुद्ध भएको थियो ।

एक घण्टापछि प्रहरीले सो चक्का जाम खोलाएको थियो भने चोरलाई पक्राउ गर्ने प्रतिबद्धता व्यक्त गरे पछि



युवाहरुले चक्का जाम स्थगित गरेका थिए । रमदैयास्थित राजदेवी मन्दिरबाट मूर्तिसहित गहनालगायतका सामान चोरी भएको छ ।

शनिबार राति करिब १२ बजेको समयमा करिब छ लाख रुपैयाँ बराबरको सामान चोरी भएको मन्दिरका पूजारी धीरज यादवले जानकारी दिए । जनकपुर-ढल्केवर सडक खण्डमा पर्ने यस मन्दिरमा पटक पटक चोरी हुँदै आए पनि प्रहरी प्रशासनले गम्भीर नबनेको आरोप लागेको छ ।

यता धनुषाका डिएसपी वेदप्रसाद गौतमले भने चोरीमा संलग्नको खोजतलास गर्न प्रहरी परिचालन भइसकेको बताएका छन् ।

# उद्घाटन खेलमा मिट विजयी



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा सुरु भएको अन्तर कलेज क्रिकेट प्रतियोगिताको उद्घाटन खेल मिथिला इन्सिटच्युट अफ टेक्नोलोजी (मिट)ले जित हात पारेको छ ।

बुधबार तीन विकेटले धनुषा साइन्स कलेज क्रिकेट टिमलाई हराउँदै मिट विजयी भएको हो । मिटका खेलाडीहरु टस जितेर धनुषा साइन्सलाई ब्याटिङ्को लागि निम्तियाएका थिए । धनुषा साइन्सका खेलाडीहरु निर्धारित २० ओभरमा सबै विकेट गुमाएर एक सय चार रन बनाएका थिए ।

धनुषा साइन्सको लागि उदय यादवले २९ बलमा २९ रन र अमरुल्लाह साहले १४ बलमा १६ रन बनाएका थिए । मिटका लागि राजा साहले तीन, तेजस मण्डल र शशिकान्त ठाकुरले २/२ विकेट लिएका थिए ।

जवाफी ब्याटिङ्का लागि उत्रेका मिटका खेलाडीहरु सात विकेट गुमाएर लक्ष्य पूरा गरेको थियो । मिटका लागि धीरज यादवले १९, शशि १५ र रोहित यादवले १४ रन बनाएका थिए । धनुषा साइन्सको तर्फबाट बलिङ गर्दा कृष्णा यादव र अमरुल्लाह साहले तीन/तीन विकेट लिएका थिए । यस खेलको म्यान अफ दी म्याच शशीकान्त ठाकुर घोषित भएका थिए । खेल बुधबारदेखि बाह्रविघा मैदानमा सुरु भएको छ । १६ वटा कलेजको टीमले प्रतियोगितामा सहभागिता जनाएका छन् । प्रतियोगिताको फाइन्ल खेल चैत पहिलो सातामा गर्ने आयोजक संस्थाको तयारी छ ।

**'खेलाडीको संरक्षण गर्नुपर्छ'**

खेलको उद्घाटन सत्रमा प्रतिनिधिसभा सांसद जुली महतोले खेलाडीहरुको संरक्षण गर्नुपर्ने बताइन । खेलाडीमाथि सरकारको ध्यान नपुग्दा प्रतिभावान खेलाडी पलायन भएको उनले उल्लेख गरिन् । 'खेल र खेलाडीमाथि राज्यको ध्यान नपुगेको महसुस भइरहेको छ,'उनले भनिन्,'जसले गर्दा प्रतिभावान खेलाडीहरु पलायन भइरहेको छ ।'

खेल र खेलाडीको साथ रहने उनले प्रतिबद्धता गरिन् । प्रदेश सरकारले पाँच वर्षमा एउटा स्टेडियम पनि बनाउन नसक्नु दुखद रहेको उनले धारणा राखिन ।

जनकपुरधाम उपमहानगरपालिका रजौल स्थित निर्माणाधीन रामजानकी रंगशालाको काम द्रुत गतिमा अगाडि बढाउन पहल गर्ने बताइन् ।

# बाराको पोतामा भोलि देखि प्रथम वडाध्यक्ष भलिबल प्रतियोगिता हुने

**रञ्जन यादब**

बारा । बाराको पोतामा भोलि देखि प्रथम वडाध्यक्ष भलिबल प्रतियोगिता हुने भएको छ । आयोजक डुमरवाना बिकास मञ्चले पत्रकार सम्मेलनको आयोजा गरी प्रतियोगिताको बिषयमा जानकारी दिएको हो ।जीतपुरसिमरा टिम ,पोता भलिबल टिम ,मिलन चौक भलिबल टिम ,जगुवा भलिबल टिम ,मकवानपुर भलिबल टिम ,नवलपुर भलिबल टिम ,सर्लाही भलिबल टिम ,ए .पि.एफ पिलुवा ,ए.पि.एफ महोत्तरी,रौतहट भलिबल टिम ,सिन्धुली भलिबल टिम ,बसतपुर भलिबल टिम र महोत्तरी भलिबल



उपमहानगरपालिका वडा नम्बर १३ मा हुन लागेको प्रतियोगिता फागुन २० गते सम्म चल्ने छ ।

प्रतियोगिताको बिजेता र उपबिजेताले नगद सहित ट्रफी , मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । बिजेताले नगद ८० हजार र उप बिजेताले ४० हजार रुपैया पाउने प्रतियोगिता संयोजक तथा डुमरवाना बिकास मञ्चका अध्यक्ष जितेन्द्र चौधरीले जानकारी दिनुभयो ।प्रतियोगितामा आयोजक टिम ,मनहर्वा भलिबल टिम गरी १४ टिमको सहभागिता रहने छ ।

प्रतियोगितामा वडा कार्यालयले सहयोग गरेका कारण प्रतियोगिताको नाम वडा अध्यक्ष भलिबल प्रतियोगिता राखिएपनि देशका बिभिन्न ठाउँबाट टिमको सहभागिता रहने आयोजक टिमका प्रमोद चौधरीले जानकारी दिनुभयो । प्रतियोगिताको खेल राष्ट्रिय रेफ्री हिमाल के.सि. लगायत ३ जना रेफ्रीले खेल खेलाउँनेछन् ।

---

GGGI

**जलवायु मैत्रि कृषि कार्यक्रम मार्फत बाढी प्रभावित क्षेत्रका कृषकहरूको क्षमता अभिवृद्धि तथा विस्थापित श्रमिकहरूको कृषिमा पुन:एकिकरण**

**तराई कृषि व्यवसाय तथा उद्यम चुनौती कोष कार्यक्रम**

## तराई कृषि व्यवसाय तथा उद्यम चुनौती कोषको लागि ईच्छुक लघु तथा साना उद्यमहरूबाट परियोजना आशयपत्रको लागि सूचना

**प्रथम पटक प्रकाशित मितिः १८ फाल्गुण २०७९**

| PCN Ref: | PCN-CSA-01-03-23 |
|---|---|
| प्रकाशित मिति | १८ फाल्गुण २०७९ |
| परियोजना आशयपत्र पेस गर्ने अन्तिम मिति | ३१ मार्च २०२३, तदानुसार १७ चैत्र २०७९ साँझ ५:०० वजे सम्म |

**पृष्ठभूमि**

**Global Green Growth Institute (GGGI) ग्लोबल ग्रीनग्रोथ इन्स्टिच्युट (जि.जि.जि.आई) नेपाल**ले जुन २०२२ देखि डिसेम्बर २०२५ सम्म मधेश प्रदेशको धनुषा र महोत्तरी जिल्लाका १० पालिकाहरुमा '**जलवायु मैत्रि कृषि कार्यक्रम मार्फत बाढी प्रभावित क्षेत्रका कृषकहरूको क्षमता अभिवृद्धि तथा विस्थापित श्रमिकहरूको कृषिमा पुनः एकिकरण**' परियोजना संचालन गरिरहेको छ । कोरिया इन्टरनेशनल को अपरेसन एजेन्सी (कोईका) को आर्थिक सहयोग र मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँगको सहकार्यमा लागू भइरहेको यस परियोजनाका तीन मुख्य उद्देश्यहरू यस प्रकार छन् :

क) जीवन एवं जीविकाको संरक्षणका लागि कृषि क्षेत्रमा जलवायु जोखिम न्युनीकरणमा सुधार गर्ने ।

ख) उत्थानशील कृषि योजना एवं कार्यान्वयनको सबलिकरण गर्ने ।

ग) रोजगारी सिर्जना एवं दीर्घकालीन तथा उत्थानशील हरित वृद्धिकालागि जलवायु मैत्रि कृषि व्यवसायको प्रवर्द्धन तथा तिनीहरुमा लगानी गर्ने ।

दीर्घकालीन तथा उत्थानशील हरित वृद्धिको लक्ष्य प्राप्तिका लागि यस परियोजनाले नयाँका साथै स्थापित कृषि उद्यमहरूलाई वित्तिय तथा प्राविधिके सहयोग उपलब्ध गराइ थप स्थानीय रोजगारी सृजना गर्नेछ । यस परियोजनाको महत्वपूर्ण अंशको रुपमा रहेको तराई कृषि उद्यम चुनौती कोषले धनुषा र महोत्तरी जिल्लाका लघु तथा साना कृषि उद्यमहरूलाई अर्थिक सहयोग गर्ने लक्ष्य राखेको छ । यस चुनौती कोषले कृषिमा आबद्ध कृषि उद्यमहरूलाई परिचालन गरी १,३४० रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ ।

यस आयोजनाले चुनौती कोष अन्तर्गत ३१ डीसेम्बर २०२३ सम्ममा प्रतिस्पर्धामा सफल भएका कृषि उद्यम सँग आवद्ध ३० लघु उद्यमीलाई ४ हजार अमेरिकी डलर र साना उद्यमीलाई २० हजार अमेरिकी डलर सम्म सशर्त अनुदान दिने लक्ष्य राखेको छ । GGGI ले कुल प्रस्तावित परियोजना बजेटको ७०% प्रदान गर्नेछ र ३०% चाँही उद्यमी आँफैले लगानी गर्नुपर्ने छ । तसर्थ, आवेदकहरूले लघु उद्यमका लागि १४१५ अमेरिकी डलर र साना उद्यमका लागि ८५१७ अमेरिकी डलर लागत साझेदारीको रूपमा स्वः लगानी गर्नु पर्ने छ । अनुदानको रकमलाई कृषिमा आधारित कुनै पनि व्यवसाय स्तरोन्नती वा नयाँ व्यवसायमा खर्च गर्न सक्ने छ जस्तै उत्पादनको गुणस्तर बढाउन, हरीत गृह ग्याँस कमउत्सर्जन गर्ने प्रविधिको प्रयोग गर्न, कृषि सेवा तथा सामग्रीको कृषक सम्म पहुँच बढाउन, आपूर्ति तथा मुल्य श्रृंखला सुधार गर्न प्राविधिक सहयोगमा खर्च गर्न सकिनेछ । तराई कृषि व्यवसाय तथा उद्यम चुनौती कोष अन्तर्गत आशय पत्र पेश गर्ने इच्छुक लघु तथा साना उद्यमहरुले निम्नलिखित मापदण्डहरू पूरा गर्नु पर्नेछ ।

**मापदण्डहरू**


- नेपाल सरकारको कानूनी व्यवस्था अनुसार नाफामुखी संस्थाको रुपमा दर्ता गरिएको हुनुपर्ने र परियोजना संचालन रहेका जिल्लाहरु (धनुषा र महोत्तरी) मा व्यावसाय गरिरहेको वा गर्न इच्छुक हुनुपर्ने ।
- यो चुनौती कोष सबै योग्य उद्यमहरूको लागि खुला रहने छ तर निम्न संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।
  १) धनुषा र महोत्तरी जिल्लामा दर्ता भएका संस्थाहरू
  २) महिला, युवा र सन् २०२० पछि वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकद्वारा सञ्चालित उद्यम वा संस्थाहरू
  ३) अन्य जिल्लामा दर्ता भएता पनि परियोजना संचालन भएका जिल्लाहरूमा कार्यरत वा कार्यक्षेत्र रहेका संस्थाहरू
- कृषि उत्पादन, बजारीकरण तथा प्रशोधनमा आधारित व्यवसायीहरु जस्तै कृषि आपूर्तिकर्ताहरू, किसानहरू, सङ्कलनकर्ताहरू, मिलरहरू, थोक बिक्रेताहरू कृषि सहकारीहरू, र विमाकम्पनी जो तरकारी, धान, गहुँ, मकै, मसला, दुग्ध प्रशोधन, कृषि सामग्री, कृषिऔजार, माहुरी , सूचना प्रविधि, बाँस, अचार, मिलर, च्याउ आदि क्षेत्रहरूमा कार्यरत छन् ।
- साना उद्यमकालागि कम्तिमा दुई वर्षको अनुभव हासिल गरेको हुनुपर्ने छ तर लघु उद्यमका लागि भने अनुभव आवश्यक छैन । यसका साथै कृषि मूल्य श्रृंखलामा आधारित नयाँ व्यवसाय (लघु तथा साना उद्यमहरु) ले आशय पत्र पेश गर्न सक्नेछन ।
- ईच्छुक उद्यमहरुले स्थानीय रोजगारीका अवसरहरू अनिवार्य सिर्जना गर्नु पर्नेछ ।

**नोट**: दुई वा बढी व्यक्तीहरू बीचको संयुक्त उद्यम भएको हकमा, कम्तिमा एक पक्षले माथि उल्लेखित मापदण्डहरु पुरा गर्नु पर्नेछ ।

इच्छुक उद्यमहरूले taecf@gggi.org मा ३१ मार्च, २०२३ तदानुसार १७ चैत्र २०७९ साँझ ५:०० बजे अघि ईमेल गरेर (विषयमा PCN Ref समावेश गरेर) अनुरोध गरी आशयपत्रका लागि आवश्यक कागजातहरू प्राप्त गर्न सक्ने छन् ।

GGGI ले यस आशयपत्र सम्बन्धी लिखित प्रश्न तथा जिज्ञासाहरूको जवाफ इमेल ठेगाना taecf@gggi.org मार्फत मात्र दिनेछ । कुनैपनि जिज्ञासा मार्च ३१, २०२३ साँझ ५ बजे तदाअनुसार १७ चैत्र २०७९ सम्म बुझाउनु अनुरोध गरिन्छ । आशय पत्र इमेल taecf@gggi.org मा विषयमा PCN-CSA-01-03-23 राखेर मार्च ३१, २०२३, तदानुसार १७ चैत्र २०७९ नेपाली समय साँझ ५:०० बजे वा अघि पेश गर्नुपर्छे छ । रित नपुगी वा समय सिमा पश्चात प्राप्त आवेदनहरु मान्य हुने छैनन् ।

यस आशयपत्रको प्रकाशनले GGGI लाई अनुदान प्रदान गर्न बाध्य पार्दैन, न त यसले आवेदन तयारी वा पेश्कीसँग सम्बन्धित कुनै पनि लागतहरू उपलब्ध गराउने छ । यसबाहेक, GGGI को सर्वोत्तम हित मानिएको खण्डमा कुनै वा सबै आवेदनहरू अीस्वकार गर्ने अधिकार GGGI मा सुरक्षित रहनेछ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सहकारीलाई निगरानीमा राख

विपन्न वर्गको उत्थानका लागि सहकारी संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । सानो रकम बचतगरी सहकारीबाट एकमुष्ट रकम प्राप्तगरी लघु उद्यम, व्यवसाय गर्न सकिन्छ । सहकारीको प्रमुख उद्देश्य नै विपन्न वर्गको आर्थिक उत्थान हो । विपन्न र मध्यमवर्गीय परिवार मिलेर सहकारी खोल्ने र त्यसमा सानो रकम बचतगरी उद्यम, व्यवसाय गर्न थोरै रकम ऋण लिन सकिन्छ । सहकारीको प्रमुख काम नै त्यही हो । सहकारी संस्थामा सयौं मानिस शेयर धनी रहने गरेका छन् । अत्यधिक मानिसको सहभागिता गराएर सञ्चालन हुने सहकारी संस्थाको लक्ष्य र उद्देश्य अनुरुप काम भए विपन्न वर्गको आर्थिक अवस्थामा सुधार भइ जीवनस्तर उकासिनेछ । सहकारी संस्थाले कयौं देशमा अत्यन्त सफल रहेकोछ । नेपालको हकमा भने सहकारी लक्ष्य विपरीत कार्य गरिरहेको छ । विपन्न वर्गको उत्थानका लागि स्थापना भए पनि यथार्थमा त्यो ब्याजको कारोबार गर्ने साहुकार जस्तो भएको छ । निक्षेपकर्तालाई न्यून ब्याज दिने तर ऋण प्रवाहमा चर्को ब्याज असुल्ने धन्धा सहकारीले गर्न थालेको छ । सहकारीका सञ्चालकहरु स्थायी रुपमा नै रहने गरेका छन् । आफ्ना अनुकूलका कर्मचारीहरु भर्नागरी सहकारीको रकमलाई चरम दुरुपयोग गरेको पाइएकोछ । संचालकहरुले निक्षेपलाई निजी काममा खर्चगरी सर्वसधारणलाई दुख दिने गरेका छन् । छाक काटेर जम्मा गरेको रकम समयमा भुक्तानी नपाउँदा विपन्न परिवार बिचल्लीमा पर्ने गरेका छन् । देशमा सयौं सहकारीले अर्बौं रुपैया डुबाएका छन् । केही सहकारीका सञ्चालकहरुलाई पक्राउगरी प्रशासनले कारबाही पनि गरेको छ । तर अदालत सम्म पुगेर तारेखमा छुट्ने अथवा थोरै रकम फिर्ता गर्ने फैसलाले सर्वसाधारणको रकम डुबाउने सहकारीका सञ्चालकहरु जोगिने गरेका छन् । सर्वसाधारणले जम्मा गर्ने निक्षेपको सुरक्षा नगरी सञ्चालकहरुले डुबाउने गरेका छन् । पछिल्लो समयमा सर्लाही जिल्लाको सुविधा बचत तथा ऋण सहकारी संस्थाका सञ्चालकहरुले करोडौ रकम डुबाएका छन् । सहकारीमा बचत गरेका सर्वसाधारण बचतकर्ताहरुले रकम फिर्ता लिन महिनौ धाउदा पनि रकम फिर्ता पाउन सकेका छैनन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीले सहकारीका ३ जना कर्मचारी र १ जना ऋणीलाई पक्राउगरी मुद्दा चलाएको छ । जिल्ला अदालत सर्लाहीले उनीहरुलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ । संस्थाका सञ्चालकहरु भने प्रहरीको पहुँच भन्दा धेरै टाढा रहेका छन् । सञ्चालकहरुले लिएको रकम असुल नभए सम्म सर्वसाधारणलाई राहत हुने छैन् । सहकारी संस्थालाई वित्तिय कारोबार गर्न पूर्ण रोक लगाउनु हुँदैन् । तर सहकारीको वित्तीय कारोबार गर्ने सीमा निर्धारण हुनुपर्छ । सहकारी संस्थाले ऋण प्रवाह गर्दा सबै आर्थिक ऐन कानूनहरुलाई पूर्ण पालना गर्नुपर्छ । आर्थिक ऐन विपरीत लगानी गरेको पाइए सञ्चालकहरुको जायजेथाबाट असुल उपर गर्नुपर्छ । सहकारीको स्वीकृति प्रदान गर्ने निकायले त्यसको नियमित रुपमा नियमन तथा निगरानी गर्नुपर्छ । सर्वसधारणको निक्षेपलाई जोखिममुक्त राख्नुपर्छ ।

# लक्ष्मणलाई रावणको उपदेश



**डा. रामसागर पंडित**

यस शिर्षकको उत्तर खोज्नु भन्दा पहिले रावण तथा लक्ष्मणको बारेमा जान्नु आवश्यक छ । रावण लङ्काका एउटा कुशल राजा थिए । उनका लङ्का सुनले बनाइएको थियो । रावणको जन्मतिर लाग्दा यहाँको जन्म बारे रामायणै पिच्छे फरक-फरक विचार रहेको पाइन्छ । यहाँ बाल्मीकि रामायणलाई आधार बनाइ यस लेखलाई पूर्णता दिने काम भएको छ । रावण जन्मको सम्बन्धमा वाल्मीकि रामायणमा सविस्तार वर्णन गरिएको पाइन्छ । बुद्धिमान राक्षस सुमालीको कैकसी नाम गरेकी कन्या थिइन् । कन्या लक्ष्मी समान सुन्दर थिइन् । ती कन्याको विवाहयोग्य उमेर देखेर सुमालीले पुलस्त्यका पुत्र विश्रवा ऋषिलाई सेवा गर्ने आज्ञा दिए । त्यसेला विश्रवा तपमा लीन भएको देखेर त्यही स्थानमा ऋषि सन्मुख उभिइ रहिन् । विश्रवाको आँखा खुलेपछि सोधेछन् कि हे ! सुन्दरी यस्तो साँझपख तिमी के कारणले यहाँ आएर उभेका छौं ?

सुन्दरीले जबाब फर्काई, हे ! ब्रह्मर्षे म मेरो पिताजीको आज्ञा अनुसार हजुरको सेवामा उपस्थित भएकी हुँ । मेरो नाम कैकसी हो । अरू सबै मेरो मनोमाव स्वयं जान्न समर्थ हुनुहुन्छ भनी ऋषिलाई हात जोडी बिन्ती गरिन् । तब ऋषिले भन्नुभयो हे ! शोभने यस्तो बेलामा अभिष्ट राखी मेरो समीप आयौ । तिम्रो चाहना अनुरूप तिम्रो बलवान तथा भयंकर डरलाग्दा शरीर भएका, क्रूर कर्म गर्ने राक्षसलाई जन्म दिनेछौ भनी आज्ञा भयो । यसरी ऋषि विश्रवाको पुत्रको रूपमा दश टाउकोबाला रावण, भयङ्कर कुम्म जस्तो कर्ण भएको कुम्भकर्ण, डरलाग्दो अनुहार भएकी नाङ्गलो जस्तो कान भएकी सुर्पणखा नाम भएकी एक पुत्री र सबभन्दा कान्छो अति धर्मात्मा बिभीषण नाम भएको पुत्रको जन्म भयो ।

ऋषि विश्रवाले पुत्रहरू जन्मेपछि सबैको नामाकरण गर्नुभयो । दश शिर लिएर जन्मेको हुँदा जेठाको नाम दशग्रीव र घैटो जस्तो कान तथा महाभयङ्कर शरीर लिएर जन्मिएकोले कुम्भकर्ण भनी नामाकरण गरिदिनुभयो । तीनै भाइ शिवका भक्त भए । आफ्ना तपस्याद्वारा भगवानलाई खुशी पारी भगवानसँग वरदान पाएका थिए । तीनै भाइमध्ये रावण कुशल राजा निस्किए भने कुम्भकर्ण सुताहा भए । कान्छो भाइ बिभीषण भगवान भक्त भए । रावणले सौतेनी भाइ कुवेरलाई जिती काञ्चनपुरी लङ्का तथा पुष्पक विमान अपहरण गरी उक्त पुष्पक विमानमा विचरण गर्दै थिए । एउटा पर्वतमा गएर पुष्पक विमान रोकियो । पुष्पक रोकिएपछि रावणादि राक्षसहरू चिन्ता गर्न लागे । त्यसैबेला भगवान शंकरको पार्षद नन्दी रावण समीप गएर भने हे ! दशग्रीव फर्क यस पर्वतमा भगवान शङ्कर क्रीडा गर्नुहुन्छ त्यसैले तिम्रो विमान रोकिएको हो ।

रावणले देवाधिदेव शङ्कर तथा नन्दीश्वरलाई अनादर गरी हास्न लागे । हाँसो देखेर नन्दीश्वर कुपित भइ हे ! दशानन तिमीले वानर रूप देखेर अवहेलना गऱ्यौ । त्यस कारण तिम्रो कुलको विनाश गर्नका लागि मेरो समान नै पराक्रमी रूप तथा तेजले सम्पन्न वानर उत्पन्न भइ सन्तान सहित तिम्रो गर्वको चुर-चुर गर्नेछन् भनी श्राप दिए । यस श्रापको पर्वाह नगरी रावण त्यो पर्वतलाई उखालेर फाल्न उद्धत भए । पर्वतलाई उखालेर फाल्न लाग्दा पर्वत हल्लिन लाग्यो । त्यसै बखत भगवान शङ्करले आफ्नो पाउको बुढी औंलाले थिचिदिनुभयो । औंलाले थिचेपछि दशग्रीव राक्षसको हात किचिन पुग्यो र वेदनाले आर्तनाद गर्न लाग्यो । दुःखाइबाट विक्षिप्त भएपछि मन्त्रीहरूको सम्मतिले रावण भगवानको स्तुति गर्न लागे तब भगवान प्रसन्न भइ दशग्रीवलाई सङ्कटबाट मुक्त गरिदिनुभयो ।

हे दशग्रीव ! तिम्रो अत्यन्त भयानक राव (आर्तनाद) बाट भएभीत भै तीनै लोकका प्राणीहरूको रुवावासी चलेका कारणले तिम्रो आवाजदेखि दशग्रीव दशाननवाट रा,ब,अ,ण (आर्तना) अणु-अणु कम्पित भइ रुवाबासी भएकोले रावण नाम दिनुभयो भनी रावण उत्पतिको विषयमा बाल्मीकि रामायणमा सविस्तार उल्लेख रहेको देखिन्छ ।

अब लक्ष्मणको बारे संक्षिप्तमा वर्णन गर्नुपर्ने सान्दर्भिक देखिएकोले उहाँको बारेमा यहाँ बर्णन गरिन्छ । राजा दशरथले ऋष्यश्रृङ्ग नाम गरेको ऋषिद्वारा पुत्रेष्टि यज्ञ गर्दा स्वयं अग्निदेवबाट जुन दिव्य पायस प्राप्त भएको थियो, त्यो पायस गुरु वशिष्ठको आज्ञाले राजा दशरथले आफ्ना तीन वटै रानीहरूलाई खान दिए । जब रानीहरूले त्यो पायस हातमा लिते बितिकै एउटा बाज आएर सुमित्राको हातबाट त्यो पायस लुटेर लगिन् । रानी कौशल्या र कैकेयीले उनलाई आ-आफ्ना हिस्साबाट आधा आधा खान दिए । तब तीनै महारानीहरू गर्भवती भए । महिना पुगेपछि कौशल्याको गर्भबाट राम सुमित्राको गर्भबाट साक्षात शेष लक्ष्मण र शत्रुघ्न र कैकेयीको गर्भबाट भरत जन्मिएका थिए । यसरी धर्म राम, अर्थ लक्ष्मण, मोक्ष शत्रुघ्न, काम भरत र मोह रावण हुन् ।

यसरी रामायणमा राम नायक, लक्ष्मण उपनायक तथा रावण खलनायकको भूमिकामा रहेका थिए । लक्ष्मणले एउटा आज्ञाकारी तथा आदर्श भूमिकामा सदैव देखिन्थे । रामको आज्ञालाई सदैव शिरोधार्य गरी अगाडि बढ्थे । त्रेतामा मात्रै होइन्, कलयुगसम्म आउँदा पनि सर्वसाधारणले आदरसाथ लक्ष्मणको नाम लिने गर्छन । जहाँ राम हुन्छ त्यहाँ लक्ष्मण पनि देखिन्छ । लक्ष्मणलाई मेघनाथले आफ्नो वाणले मुर्छा पार्दा रामले गरेका विलाषलाई हेर्दा राम र लक्ष्मणको शरीर दुई भए पनि आत्मा एउटै थियो भने अनुमान गर्न सकिन्छ । राम वनवासका लागि दरबारबाट तयारी भएर जान लाग्दा लक्ष्मणले पनि रामलाई छोडेनन् र लक्ष्मण हरेक पगमा रामसीतालाई साथ दिएका थिए । अहिले पनि हाम्रो समाजमा दुई भाइ बिचको प्रेम देखेर फट भनि दिन्छ कि यी भाइहरूको जोडी त राम लक्ष्मण जस्तो देखिन्छ ।

अब प्रसङ्ग बदलौं । राम-रावण युद्धमा जब रावण मूर्छित भएर पृथ्वीमा गिरेका थिए । अब केही बेरमा रावणको प्राण छुट्नेछ भने देखेर त्यसैबेला रामले लक्ष्मणलाई रावणसँग केही राजनीति सम्बन्धी ज्ञान सिक्न आज्ञा भयो । लक्ष्मण सोही आज्ञा अनुसार रावण नजिक मुन्टोतिर उभिएर रावणलाई सम्बोधन गरी म लक्ष्मण तपाईसँग केही राजनीति सम्बन्धी ज्ञान सिक्न आएको छु, कृपया तपाई मलाई राजनीतिका केही प्रमुख ज्ञान सिकाइ दिनुस् । रावण आँखा खोलेर हेरे र पुनः आँखा बन्द गरेर केही जबाव दिएनन् । एक चोटी, दुई चोटी भन्दा पनि रावणले नसुने जस्तो गरी आँखा खोलेनन् । केही छिनपछि लक्ष्मण फर्केर रामकहाँ आइपुगे । रामले लक्ष्मणसँग सोध्नी गर्दा लक्ष्मणले भन्नुभयो दाइ रावण त केही बोलेनन् । तपाई त भन्नु भएको थियो कि रावण एउटा राजनीतिको ज्ञाता हुनुहुन्छ तर मेरोतिर हेरेर पुनः आँखा बन्द गरिहाले । तब रामले लक्ष्मणको कुरा सुनेर लक्ष्मणसँग सोधनी गरे र सोधे लक्ष्मण तिमी राजनीति सिक्न जाँदा कहाँ उभिएर सोधेका थियौ । त्यसपछि लक्ष्मणले भन्नुभयो म त टाउकोतिर उभिएर सोधेका थिए । त्यसपछि रामले लक्ष्मणलाई जबाब दिनुभयो कि रावणले आफूलाई अपमानित सम्झेर जबाव नफर्काएको हो । तिमी पुनः जाउ र खुट्टातिरबाट उभिएर सोध त, अवश्य उनले जबाव फर्काउने छन् । रामले बताए अनुसार लक्ष्मण पुनः रावण नजिक गएर पहिले कै कुरालाई राख्दा रावण आँखा खोलेर भनेका रहेछन्, कि लक्ष्मण सोध के सोध्ने हो ? लक्ष्मणले रावणलाई भने कि मलाइ तपाईले अनुभव गरेका केही राजनीतिका कुराहरू सिकाइ दिनुस् । त्यसपछि रावणले तीनवटा कुरा सिकाएका थिए ।

पहिलो कुरो "शुभकाम गर्न कहिले पनि ढिलो गर्नु हुँदैन ।" मैले अशुभ काममा शिघ्रता देखाएँ । सीता हरणमा शीघ्रता नगरेको भए मेरो यस्तो अवस्था हुने थिएन । मलाइ थाहा थियो कि म रामसँगको लडाइमा मेरो हार निश्चित छ तर पनि रामको चरणमा जाने कुरालाई आजभोली गर्दै ढिलो गर्दै गए । यो त एउटा शुभ काम थियो । मैले यस्ता शुभकाममा शिघ्रता देखाउन नसकेर यस्तो दशा भएको कुरा महसूस गरिरहेको छु । दोस्रो कुरा "आफ्नो शत्रुलाई कहिले पनि कमजोर ठान्नु हुँदैन" । म बानर तथा मानवलाई तुच्छ सम्झेर बास्ता नगरेका कारण त्यही तुच्छ बाँदर र मानवले मेरो आज यस्तो अवस्थामा पुऱ्याएका छन् । यदि म तपस्याको बेला यदि म अन्य माँगको साथसाथै बाँदर र मानवको नाम समेत लिएको भए मेरो आज यस्तो पराजय हुने थिएन । त्यसैले शत्रु जस्तो भए पनि आफू सतर्क भएर लर्नु नै बेश हो । युद्धमा जहिले पनि सतर्क तथा सावधान भएर जानु पर्दछ ।

तेस्रो कुरा "व्यक्तिगत रहस्य र निर्वलता कसैलाई पनि बताउनु हुँदैन" । मेरो नाइटोमा अमृत थियो । यसबारे मैले आफ्नो भाइ विभीषणलाई नबताएको भए आज मेरो मृत्यु हुने थिएन । अरू कसैलाई यो कुरा थाहा थिएन । रामले मलाई पटक-पटक आफ्नो वाणले छेद्न गरेपनि म मरेको थिइन र घाउहरू तुरून्तै निको हुन्थे । भाइ भाइमा फूटको कारणले आज मेरो यस्तो अवस्था भएको छ । लक्ष्मण तपाई असल भाइको भूमिकामा रहेको हुनाले राम पराजित भएनन् ।

अर्को रामायणमा बाल्मीकि रामायणभन्दा केही फरक विचार पाइन्छ । यसमा लक्ष्मणलाई १० वटा नीतिका उपदेश दिएको देखिन्छ जो निम्न अनुसार छन् :

पहिलो शुभकामलाई जति चाँडो र अशुभ कामलाई टाल्दै जानु पर्छ । दोस्रो दुश्मन र शत्रुलाई कहिले पनि कमजोर ठान्नु हुँदैन । तेस्रो कुनै व्यक्तिलाई तुच्छ बुझ्नु हुँदैन । चौथो आफ्नो शक्तिलाई अर्जित गर्दै रहनु पर्छ । पाँचो तपस्याबाट सबै कुरा अर्जित गर्न सकिन्छ । छैठौं नयाँ नयाँ खोजमा लागि रहनु पर्छ । सातौं एउटै इष्टदेवलाई पुज्नु सबैभन्दा उत्तम हुन्छ । आठौं आयुर्वेदको ज्ञान हुनुपर्छ । नबौं मानिस लगनमा पक्का हुनुपर्छ । दशम् मानिसले शास्त्र निरन्तर पढ्नु पर्छ ।

यसरी यी सन्देश दिएर रावणले मृत्यु वरण गरे । यी उपदेश अहिले पनि मानिसका लागि जीवनोपयोगी मानिन्छन् । मानिसलाई जहिले पनि आफ्नो विचारलाई धर्मभन्दा बाहिर जानुदिनु हुँदैन । जो मानिसले सत्य र धर्मलाई अंगालेर काम गरेका छन् जीवनमा सदैव सफलता पाएका छन् । रावणले यही सत्य र धर्मलाई छोडेका हुनाले उनको अकाल मृत्यु भयो । रावण एक प्रसिद्ध पंडित तथा कुशल नीतिज्ञ थिए । उनलाई उनको भित्रमा रहेको राक्षसी प्रवृति र घमण्डले यस्तो दुर्गतिमा पुरे । मानिस जे जस्तो बलशाली तथा विद्वान भए पनि यदि उसले धर्म तथा सत्यको बाटोबाट विचलित हुन्छ भने रावणकै जस्तो गति हुनेमा कुनै शंका छैन । इतिश्री ।

*रावणले देवाधिदेव शक्तर तथा नन्दीश्वरलाई अनादर गरी हास्न लागे । हाँसो देखेर नन्दीश्वर कुपित भइ हे ! दशानन तिमीले वानर रूप देखेर अवहेलना गऱ्यौ । त्यस कारण तिम्रो कुलको विनाश गर्नका लागि मेरो समान नै पराक्रमी रूप तथा तेजले सम्पन्न वानर उत्पन्न भइ सन्तान सहित तिम्रो गर्वको चुर-चुर गर्नेछन् भनी श्राप दिए । यस श्रापको पर्वाह नगरी रावण त्यो पर्वतलाई उखालेर फाल्न उद्धत भए । पर्वतलाई उखालेर फाल्न लाग्दा पर्वत हल्लिन लाग्यो । त्यसै बखत भगवान शक्तरले आफ्नो पाउको बुढी औंलाले थिचिदिनुभयो । औंलाले थिचेपछि दशग्रीव राक्षसको हात किचिन पुग्यो र वेदनाले आर्तनाद गर्न लाग्यो । दुःखाइबाट विक्षिप्त भएपछि मन्त्रीहरूको सम्मतिले रावण भगवानको स्तुति गर्न लागे तब भगवान प्रसन्न भइ दशग्रीवलाई सक्टबाट मुक्त गरिदिनुभयो । हे दशग्रीव ! तिम्रो अत्यन्त भयानक राव (आर्तनाद) बाट भएभीत भै तीनै लोकका प्राणीहरूको रुवावासी चलेका कारणले तिम्रो आवाजदेखि दशग्रीव दशाननवाट रा,ब,अ,ण (आर्तना) अणु-अणु कम्पित भइ रुवाबासी भएकोले रावण नाम दिनुभयो भनी रावण उत्पतिको विषयमा बाल्मीकि रामायणमा सविस्तार उल्लेख रहेको देखिन्छ ।*

# शिक्षकको महत्व

**सरोज कुमार लाल कर्ण**

'गुरु : ब्रह्मा, गुरु, विष्णु, गुरु, देवो महेश्वर ।
गुरुः साक्षात परब्रह्म, तस्मैश्री गुरुवे नमः ॥

शिक्षक कुनै पनि शिक्षण प्रक्रियाको एक आवश्यक एवम् महत्वपूर्ण अंग हो । शिक्षक इतिहासको वास्तविक निर्माता हो । शिक्षक मनुष्यबाट मनुष्यता हो, निर्माता हो । शिक्षक बिना विद्यालय भवन, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिकआदि उपकरणहरु निरर्थक साबित हुन्छ । भनाइको तात्पर्य- शिक्षकले जीवन शक्ति प्रदान गर्दैन, तब तिनीहरूको उपस्थिति शून्य साबित हुन्छ ।

प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भावी सन्ततिहरुमाथि प्रभाव रहन्छन् । प्राचीन कालमा शिक्षकलाई देवताको रुपमा प्रतिष्ठा गरिन्थ्यो । त्यसबेलाको समाज गुरु वर्गलाई अनेक आदर सत्कार, सम्मान सूचक विशेषण प्रयोग गरी सम्बोधन गरिन्थ्यो । जस्तोः धियावसु, जातवेदाः सत्य जन्मा आदि । बरु मानिसहरुको विचारधारामा परिवर्तन आएको दिन किन न होस शिक्षकको आफ्नो महत्व छ, दर्जा छ । वर्तमान समयमा शिक्षक देवताको रुपमा प्रतिष्ठित छैन, तर शिक्षक शिक्षण प्रक्रियाको एउटा अति आवश्यक अंग छ । यी वाक्यान्सको आभिप्राय सर्वाधिक सत्य,तथ्यपूर्ण छ । सन्देहको कुनै कुरा छैन् । शिक्षा युगको माँग हो । अर्को तर्फ शिक्षा जीविकाको आधार पनि हो । ज्ञान र सीप प्राप्त गर्न को लागि एउटा सुव्यवस्थित माध्यम पनि हो । तर त्यो माध्यम हो शिक्षण ।

शिक्षाको विकास शिक्षक र उसको शिक्षणमा आधारित वा निर्भर हुन्छ । शिक्षण एउटा कला हो, सबैले शिक्षकहरुलाई सम्मान गर्नुपर्छ । पौराणिक कालमा भगवान राम,लक्ष्मण, भरत, शत्रुधन, शिक्षाको रूपमा धर्नु विधाहरू सिक्थे । त्यस्तै,महाभारतका अर्जुन, जस्ता योद्धाहरुले पनि शिक्षाको रुपमा धर्नुविद्या सिकेका थिए । उक्त समयमा पनि गुरु र शिष्यको घनिष्ट सम्बन्ध थियो । त्यस समयमा पनि गुरु वर्ग आत्म-सम्मान का साथ सेवा र सहयोग पाइन्थ्यो र गुरुले पनि शिष्यप्रति माया, ममता र स्नेह बढ़ी राख्थे । शान्ति र अहिंसाको पूजारी गौतमबुद्धले पनि आफ्नो शिष्यहरुलाई सही ज्ञान को आधारमा शिक्षा दिन्थे । अहिले पनि हिमाली र पहाडी भेगमा राम्रो काम गर्ने शिक्षकहरुलाई समाजले रेखदेख र सम्मान गरिरहेका छन् । धेरै जसो गाउँमा आहिले शिक्षकहरु आफ्नो पेशाप्रति लापरबाही गरेर नकारात्मक सोच राखेका हुन्छन् । सरकारले धेरै जसो शिक्षकलाई तालिम दिएका छन् । ती शिक्षकले पनि तालिमको आधारमा शिक्षण गरिरहेका छैन् । कतिपय ठाउँमा शिक्षकहरुको व्यवहारमा कटुता र हीन भावनाले शिक्षण प्रक्रियामा असर भइरहेका छन् ।

वर्षै पिच्छे सामुदायिक विद्यालयको भवन दातृ निकायबाट निर्माण हुन्छ र शिक्षामा लगानी लगाउछ । तर शिक्षाको उन्नतिको सट्टा अवनति तिर गइरहेको देखिन्छ ।

सामुदायिक विद्यालयमा निःशुल्क भए पनि समयमा पाठ्यपुस्तक विद्यार्थीहरुले पाउँदैन । विद्यालयमा गरीबको छोराछोरी मात्र पढ्छन् । धनीका छोराछोरीले त निजी स्कुलमा, ठुलाठ्ला नेता, सरकारी कर्मचारी र मन्त्रीहरूको छोराछोरी विदेशमा पढ्छन् ।

त्यसैले सामुदायिक विद्यालय सरकारको ध्यानाकर्षण हुन सकेको छैन । त्यसको लागि समय समयमा विद्यालयको अनुगमन, समयमा पाठ्यपुस्तक वितरण, तालिम प्राप्त योग्य शिक्षकको व्यवस्था आदि सरकारले गरेको खण्डमा शिक्षाको स्तर वृद्धि हुने विश्वास गर्न सकिन्छ । जहिलेदेखि हाम्रो देशमा शिक्षालाई स्थानीय मातहतमा राखियो त्यो दिनदेखि झन शिक्षाको स्तर खस्केको छ । स्थानीय सरकारको मातहतमा गएपछि आफ्नो अनुकूल मा' व्यवस्थापन समिति गठन गर्यो र आफ्नो मान्छेहरुलाई शिक्षण पेशामा राख्यो र वर्षौदेखि काम गरिरहेका शिक्षकलाई सेवाबाट हटाएर शिक्षण संस्थालाई झन कमजोर बनाएको देख्न सकिन्छ । विद्यालयमा राजनीतिकरणले गर्दा शिक्षालाई झन कमजोर बनाएको देखिन्छ । दातृहरुबाट शिक्षामा लगानी गरेको रकम खेर गइरहेको छ । र, त्यही लगानीको पैसामा नेता प्रतिनिधि समितिसमेतले भगबण्डामा लागेका हुन्छन् । जबसम्म शिक्षालाई स्थानीयलाई न दिएर केन्द्र सरकारले आफ्नो मातहतमा लिए मात्रै यो देशमा शिक्षाको विकास र समृद्धि हुनसक्छ ।

शिक्षाको विकास शिक्षक र उसको शिक्षणमा आधारित वा निर्भर हुन्छ । शिक्षण एउटा कला हो । सबैले शिक्षकलाई सम्मान गर्नुपर्छ । तर आवकास शिक्षकलाई अपमान, अनादर र अशिष्ट व्यवहार गर्दछ । शिक्षकलाई निक्रिष्ट भावनाले हेर्छन् । पुरस्कारको ठाउँमा दण्ड दिइन्छ । रिस, राग द्वेष जस्तो वातावरणको सृजना गरिन्छ । नकारात्मक सोच राख्न्छि । यस्तो परिस्थितिमा शिक्षण क्रियाकलापमा आघात पुग्छन् शिक्षकको अस्तित्व धुमिल हुन जान्छन्।

त्यसैले गर्दा समाजले शिक्षकप्रति सकारात्मक व्यवहार गनुपर्छ । शिक्षकप्रति नकारात्मक व्यवहार हटाउनुपर्छ । र अपमान अनादर अशिष्टले व्यवहार शिक्षकप्रति राम्रो बनाउनको लागि शिक्षकको हौसला बढाउनुपर्छ ।

# बायोमेडिकल जनशक्ति र मेडिकल उपकरणको विश्वसनियता



**सोम प्रसाद उपाध्याय**

बिरामीको स्वास्थ्य र सुरक्षा अस्पताल, नसिङ होम, स्वास्थ्यचौकी र क्लिनिकहरुको पहिलो प्राथमिकतामा रहन्छ। बिरामी उपचारको लागि प्रयोग हुने मेडिकल उपकरण कतिको भरपर्दो र विश्वसनिय छ? उपचारमा संलग्न डाक्टर, नर्सको प्रश्न वा सोचाइ रहन्छ। उपचारमा प्रयोग हुने मेडिकल उपकरण विश्वसनिय छ भने उपचारमा संलग्न चिकित्सकले दिने सेवा दिन भरपर्दो हुन्छ। त्यसकारण मेडिकल उपकरणको विश्वसनियता अत्यन्त महत्वपूर्ण छ। प्रयोगकर्ताहरुलाई सेवा दिन र सार्वजनिक स्वास्थ्य र सुरक्षासँग सम्झौता नगरिएको सुनिश्चित गर्नु र उपचारमा प्रयोग भइरहेको मेडिकल उपकरणले राम्रो जाँच गरेको छ कि छैन भनेर मेसिनको चेकअप गर्नुलाई उपकरण क्यालिब्रेसन भनेर बुझ्नु पर्दछ। साथै राम्रो रिजल्ट नदिएको मेसिनलाई राम्रो अवस्थामा ल्याएर सही रिजल्ट दिने बनाउनु क्यलिब्रेसन हो।

कुनै पनि उपकरणको निश्चित आयू हुन्छ। आयू सकिएसँगै मेडिकल उपकरणमा समस्या उत्पन्न हुन आउँछ। जसले दिने प्रभावकारितामा प्रत्यक्ष असर गर्दछ। उपकरणको प्रभावकारिता कायम राख्न र बिरामीलाई हानी पुऱ्याउने जोखिम कम गर्न निश्चित समयमा वा वार्षिक रुपमा क्यालिब्रेसन आवश्यक रहेको छ। मेडिकल उपकरण वारेन्टी वा ग्यारेन्टीमा हुँदाको समयममा बिक्रेताले क्यालिब्रेसन गर्दछन् भने वारेन्टी समाप्त भएको अवस्थामा अस्पताल, स्वास्थ्य चौकी, क्लिनिकहरुमा बायोमेडिकल प्राविधिक स्वयम आफैले क्यालिब्रेसन गर्नुपर्ने हुन्छ। नेपालमा केही संस्थामा बाहेक क्यालिब्रेसन प्रविधिलाई नियमित प्रयोगमा ल्याउन सकिएको छैन। मेडिकल उपकरणमा समस्या रहेको तर प्राविधिकले पत्त लगाउन नसेको समस्या वा त्रूटीहरु क्यालिब्रेसनले पत्ता लगाई समस्या समाधान गर्न सहयोग गर्दछ। क्यालिब्रेसन उपकरणले ठिकसँग काम गरिरहेको छ र यसले दिने नतिजाहरु सही छन् भनी प्रमाणित गर्नेको लागि गरिन्छ। एक बायोमेडिकल प्राविधिकको रुपमा मेडिकल उपकरणहरु सही, सुरक्षित र प्रयोग गर्न विश्वसनिय छ भनेर निश्चित गर्ने बायोमेडिकल प्राविधिकलाई जिम्मेवारी दिइएको हुन्छ। जसले गर्दा क्यालिब्रेसन गर्ने सम्बन्धी तालिम प्रत्येक स्वास्थ्य संस्थामा कार्यरत बायोमेडिकल जनशक्तिलाई दिन आवश्यक छ। थोरै बायोमेडिकल प्राविधिकले आफ्नो दैनिक जीवनमा क्यालिब्रेसनको महत्वपूर्ण भुमिका र महत्वलाई महसुस गर्दछन्। क्यालिब्रेसनले अनुसन्धान, विकास र विश्वनिय सुनिश्चिततामा सुधार ल्याउन मद्दत गर्दछ जसले प्रविधिक र चिकित्सक दुवैको मनोबल उच्च बनाउने काम गर्दछ।

विकास र नविनताको खोजिमा विश्वव्यापी लाखौ मानव निर्मित सेवा सामानहरु निरन्तर विस्तार भइरहेका छन्। जसमध्ये कतिपय मेडिकल उपकरण पनि रहेका छन्। मेडिकल उपकरणमा मेकानिकल, इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स समयसँगै निरन्तर विकास र परिमार्जन भईरहेका हुन्छन्।

त्यसैले उक्त प्रयोगमा रहेको उपकरणको आयू पनि निश्चित हुने हुन्छ। प्रयोगमा रहेको उपकरण सही रिर्पोट दिन्छन् वा दिदैंनन् भनि थाहा पाउन र यसलाई नियमति रुपमा तालिका बनाई क्यालिब्रेसन गर्नुपर्दछ। बायोमेडिकल प्राविधिकले संस्थामा हुने कुनैपनि कामको क्वालिटी कन्ट्रोल गरी लग बुक राख्ने गर्नुपर्दछ। यस्तो तरिकाले गरेको कामको दक्षता, स्थिरता र विश्वनियतामा मजबुत हन्छ। जसलयाई बायोडिकल इन्भेन्ट्रिमा समावेश गर्न जरुरी छ। यसले दिने रिर्पोटमा प्रयोगकर्ताहरुले ढुक्क भएर काम गर्ने वातावरण बायोमेडिकल प्राविधिकले बनाउनु पर्दछ। आदि इत्यादी कारणले गर्दा बायोमेडिकल प्राविधिकको लागि क्यालिब्रेसन महत्वपूर्ण हुनाले बायोमेडिकल जनशक्ति स्वास्थ्य सेवाको लागि महत्वपूर्ण बन्दै गइरहेको छ।

मेडिकल उपकरण बाहेक हामिले दैनिक रुपमा प्रयोग गर्ने यातायात, टेलिफोन, मोबाइलफोन, कम्प्युपटर,पेट्रोल पम्प, दैनिक खाद्य बस्तु, ढुवानी, सुन जस्ता मानव निर्मित सेवा, सुविधा र सामानको निरन्तर विस्तार र विकास भैरहेको हुँदा यस्ता सामानको पनि क्यालिब्रेसन गर्न आवश्यक रहेको छ। स्वास्थ्य सेवाको लागि स्वास्थ्य निकायको तथा दैनिक उपभोग्य बस्तुको लागि सम्बन्धित निकायको ध्यान जान जरुरी रहेको छ ।

# स्वविवु निर्वाचनमा यस्ता छन् विद्यार्थीका एजेण्डा

काठमाण्डु । त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा स्वतन्त्र विद्यार्थी युनियन (स्वविवु) निर्वाचनको मिति नजिकिँदै गर्दा विद्यार्थी सङ्गठन घोषणापत्रको अन्तिम तयारीमा लागेका छन् । चौध वर्षदेखि नियमित हुन नसकेको स्वविवु निर्वाचन यस पटक निर्धारित मितिमा नै हुने भएपछि विद्यार्थी सङ्गठनहरू घोषणापत्रसहित निर्वाचनको तयारीमा जुटेका छन् ।

विद्यार्थी सङ्गठनले आगामी स्वविवु निर्वाचनमा बेरोजगार शिक्षाको अन्त्य गरी रोजगारमूलक शिक्षा र त्रिवि सुधारलाई आफ्नो मुख्य मुख्य एजेण्डाका रूपमा अगाडि सारेका छन् । आगामी चैत ५ गते हुने निर्वाचनका लागि विद्यार्थी सङ्गठनले स्वविवुलाई युवा संसद्का रूपमा विकास गर्ने, शैक्षिक गुणस्तर सुधार, त्रिविको शैक्षिक क्यालेण्डर सुधार गर्ने, त्रिविका पदाधिकारी नियुक्ति खुला प्रतिस्पर्धा नियुक्ति, पाठ्यक्रम परिमार्जनलगायतका मुख्य एजेण्डा अघि सारेर निर्वाचनमा होमिँदै छन् ।




अनेरास्ववियुका अध्यक्ष समिक बडालले राजनीतिक परिवर्तन भइसकेकपछि मूलतः त्रिविको शैक्षिक गुणस्तर र त्रिविलाई सुधार्ने एजेण्डासहित स्वविवु निर्वाचनमा होमिने बताउनुभयो । उहाँले स्वविवु मुलुकको नेतृत्व गर्ने थलो रहेकाले युवा संसद्का रूपमा स्वविवुलाई विकास गर्नुपर्ने बताउनुभयो । "विगत १४ वर्षदेखि नियमित हुन नसकेको स्वविवु निर्वाचन यसपटक हुन थालेको छ", उहाँले भन्नुभयो, "यसपटक हामीले शैक्षिक एजेण्डासहित नेतृत्व विकास गर्ने थलोका रूपमा रहेको स्वविवुलाई युवा संसद्का रूपमा लैजान पर्दछ भन्ने रहेको छ ।" नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) को स्वविवु निर्वाचन घोषणापत्रका संयोजक पुजन गन्धर्वले घोषणापत्र तयारी गरिसकेको बताउनुभयो । उहाँले आफ्नो सङ्गठनको मुख्य एजेण्डा शैक्षिक सुधार नै रहेको बताउनुभयो । नेविसङ्घले शिक्षासँगै उद्यमशीलता र शैक्षिक प्रमाणपत्रसँगै रोजगार अभियान सञ्चालन गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षा क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने एजेण्डा अघि सारेको छ ।

यस्तै सबै क्याम्पसमा स्वविवुलाई भ्रष्टाचाररहित बनाई सक्षम नेतृत्व उत्पादन गर्ने थलोका रूपमा विकास गर्ने र स्वविवु र क्याम्पसको बजेटको वार्षिक लेखापरीक्षण गरी आर्थिक पारदर्शिता गराउने एजेण्डा पनि बनाएको छ ।

यस्तै वैज्ञानिक, व्यावहारिक, प्राविधिक र अनुसन्धानात्मक शिक्षामा जोड, माध्यमिक शिक्षा सबै नेपालीका लागि अनिवार्य र निःशुल्क बनाउन र उच्च शिक्षा सबैको पहुँचमा, गुणस्तरीय र सर्वसुलभ बनाउँदै क्रमशः निःशुल्क बनाउने आफूहरूको एजेण्डा रहेको नेविसङ्घका पूर्वकेन्द्रीय सदस्यसमेत रहनुभएका गन्धर्वले जानकारी दिनुभयो ।

अनेरास्ववियु (क्रान्तिकारी) का महासचिव दिपेश पुनले स्वविवु निर्वाचनका लागि घोषणापत्र तयार पारिएको जानकारी दिनुभयो । उहाँले आगामी स्वविवु निर्वाचनका लागि त्रिविलाई बेरोजगार जनशक्ति नभई स्वरोजगार जनशक्ति उत्पादन गर्ने मुख्य एजेण्डा रहेको बताउनुभयो ।

उहाँले त्रिविका पदाधिकारी भागबन्डा नभई खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्नुपर्ने, शैक्षिक क्यालेण्डर समयमैत्री हुनुपर्ने, उत्पादित जनशक्तिलाई निरन्तर अनुसन्धान, उद्यम, रोजगार बनाउन पहले गर्ने, त्रिविबाट उत्पादित जनशक्ति र बजारबीच सम्बन्ध स्थापित गर्ने एजेण्डा रहेको जानकारी दिनुभयो ।

यस्तै वार्षिकमा तीन महिना र सेमेष्टर प्रणालीमा एक महिनाभित्र परीक्षाफल प्रकाशित गर्ने, भौतिक र डिजिटल पूर्वाधार सम्पन्न आधुनिक पाठ्यक्रम अध्ययन अध्यापन गर्ने विश्वविद्यालय निर्माण गर्ने, स्नातकमा १० प्रतिशत, स्नातकोत्तरमा २० प्रतिशत र एमफिलमा २५ प्रतिशत पाठ्यक्रम विदेशी आगन्तुक प्राध्यापकबाट अध्यापन गर्ने व्यवस्था मिलाउने पनि एजेण्डा क्रान्तिकारी रहेको छ ।

अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुलीले शिक्षाको निजीकरण अन्त्य, विश्वविद्यालय बेरोजगार उत्पादनका कारखाना रहेकोले बौद्धिक पलायन रोक्न लागि आपत्कालीन शैक्षिक सुधार कार्यक्रम, सेमेष्टर र वार्षिक दुई किसिमको शिक्षा अन्त्य गरी एकै खालको शिक्षा, आङ्गिक क्याम्पस सुधार गर्नुपर्ने एजेण्डा रहेको बताउनुभयो ।

नेविसङ्घका त्रिवि क्याम्पस नेता विष्णु बडैलाले त्रिविमा देखिएका विकृति विसङ्गति सुधार आवश्यक रहेको बताउनुभयो । उहाँले स्वविवु निर्वाचन नहुँदा त्रिवि नै अस्तव्यस्त रहेकाले आगामी स्वविवु निर्वाचनबाट त्रिविमा सुधार आउने बताउनुभयो । उहाँले त्रिविमा रहेका परीक्षा नियन्त्रण कार्यालयलाई पूर्ण डिजिटल बनाउने, त्रिविलाई केन्द्रीय अनुसन्धानको केन्द्र बनाउने, छात्रालाई सेनिटेरी प्याडको सुलभ व्यवस्था गर्ने आफ्नो एजेण्डा रहेको बताउनुभयो ।

उहाँले त्रिवि सेवा आयोग प्रत्येक छ/छ महिनामा विज्ञापन खोलेर योग्य दक्षजनशक्ति ल्याउन जरुरी रहेको बताउनुभयो । त्रिवि केन्द्रीय क्याम्पसका नेता तथा अखिलका केन्द्रीय सदस्य प्रशान्त भण्डारीले रोजगारमूलक शैक्षिक जनशक्ति उत्पादन, अनुसन्धानमूलक र सूचना प्रविधि शिक्षा आफ्नो एजेण्डा रहेको बताउनुभयो ।

त्यस्तै उहाँले अन्तर्राष्ट्रिय शैक्षिक अध्ययन र सीप त्रिविमा र विद्वानको पलायन रोक्दै समुन्नत नेपाल निर्माण रहेको बताउनुभयो ।

आगामी चैत ५ गते देशभरका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धनप्राप्त क्याम्पसमा हुने स्वविवु निर्वाचनका लागि कार्यतालिकासमेत सार्वजनिक भइसकेको छ ।

कार्यतालिकाअनुसार यही फागुन १९ गते विद्यार्थी सङ्घ/सङ्गठन दर्ता, फागुन २१ गते मतदाता सूची प्रकाशन, फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता तोकिएको छ । यस्तै कार्यतालिकाअनुसार मतदान चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म तोकिएको तोकिएको छ ।

प्रत्येक दुई/दुई वर्षमा हुने स्वविवु निर्वाचन २०६५ सालदेखियता नियमित हुनसकेको छैन् । विसं २०६५ साल चैत ६ गते भएको स्वविवु निर्वाचन एकै पटक आठ वर्षमा २०७३ चैत १५ गते भएको थियो । रासस

# खोजी र अनुसन्धानलाई आधार बनाएर पत्रकारिता गर्नुस्: सभामुख




काठमाण्डु । सभामुख देवराज घिमिरेले देश र जनताका हितमा खोजी र अनुसन्धानलाई आधार बनाएर पत्रकारिता गर्न सुझाव दिनुभएको छ । नेपाली पत्रकारहरूको अन्तर्राष्ट्रिय सञ्जाल( इन्जा) स्थापना दिवसका अवसरमा बुधवार आयोजित कार्यक्रममा उहाँले विगतमा प्रजातन्त्र र गणतन्त्रका लागि लक्ष्य बनाएर काम गरे पनि व्यवस्था परिवर्तन भएसगैँ पत्रकारिता क्षेत्रको भूमिका र जिम्मेवारी पनि फेरिएको उल्लेख गर्नुभयो ।

सभामुख घिमिरेले भन्नुभयो, "मुलुकको परिवर्तनमा विशिष्ट योगदान पुऱ्याएको पत्रकारिता क्षेत्रलाई नीतिगत र व्यवहारिकरूपमा सहयोग पुऱ्याएर अघि बढाउनुपर्छ, संसद् र सरकारलाई प्रभावकारी तुल्याउन पनि यस क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ ।"

कार्यक्रममा इञ्जा बौद्धिक पत्रकारिता पुरस्कार त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक जगत नेपाल र दैनिकी डट कम अनलाइनका सम्पादक माधव तिवारी तथा इञ्जा खोजी पत्रकारिता पुरस्कार कान्तिपुर दैनिकका मात्रिका दाहाल र आइएनएस डट कम अनलाइनका तारा वाग्लेलाई प्रदान गरिएको थियो ।

इञ्जा ग्रामीण पत्रकारिता पुरस्कार रेडियो समग्र एफएम १०७ मेघाहर्ज लाहान र युवा पत्रकार सरिता चलाउनेलाई तथा इञ्जा फोटो पत्रकारिता पुरस्कार सुरेशकुमार श्रेष्ठ र नरेन्द्र श्रेष्ठलाई प्रदान गरिएको थियो । ती सबै पुरस्कारको राशि जनही रु ५० हजारसहित सम्मानपत्र रहेको छ ।

कार्यक्रममा वरिष्ठ पत्रकार रघु मैनाली, सम्पादक समाजका संरक्षक किरण वैद्य, वरिष्ठ पत्रकार कुमार यात्रु र जागरण मिडिया सेन्टरका अध्यक्ष कमला विश्वकर्मालाई इञ्जा अग्रज पत्रकारिता सम्मान अर्पण गरिएको थियो । यसैगरी समाजसेवामा योगदान पुऱ्याउनु हुने शङ्कर भट्टराई, महिला हक अधिकारका क्षेत्रमा क्रियाशील विजया शाह र युवा व्यवसायी प्रदीप गुरुङलाई इञ्जा विशेष सम्मान प्रदान गरिएको थियो ।

सो अवसरमा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले इञ्जाले पत्रकारितका सबै महत्वपूर्ण विधालाई समेट्दै पत्रकाको हित र कल्याणका लागि गरेको योगदान प्रशंसनीय रहेको बताउनुभयो । नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले नेपाली प्रेसले भोगेका समस्या सम्बोधन गर्ने विषयमा सरकार र सदनको अझै प्राथमिकतामा नपरेको गुनासो गर्नुभयो ।

न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्का, नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्साल, प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेत, कान्तिकारी पत्रकार संघका अध्यक्ष विष्णु सापकोटा र समाजवादी प्रेस सङ्गठनका अध्यक्ष शम्भु श्रेष्ठ र सञ्चारिका समूहकी अध्यक्ष विमला तुम्खेवाले पत्रकारिता क्षेत्रमा अवसर प्रदान गरिँदासमेत राजनीतिका छायाँ झल्कने भइरहेको अवस्थामा इञ्जा भने त्यसबाट मुक्त देखिएको बताउनुभयो ।

इञ्जाका ग्लोबल अध्यक्ष गुणराज लुइँटेल, एसिया अध्यक्ष टङ्क पन्तलगायतले नेपाली पत्रकारिता क्षेत्रको श्रीवृद्धि र पत्रकारको उन्नयनका लागि विभिन्न फेलोसिप, पुरस्कार र सहयोग गर्दैआएको जानकारी दिनुभयो । रासस

# कार्यसम्पादनलाई तीव्र बनाउन मुख्यमन्त्री गिरीको निर्देशन

लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री लिला गिरीले परिणाम निस्कने गरी कार्यसम्पादनलाई तीव्र बनाउन निर्देशन दिनुभएको छ ।



आर्थिक वर्ष २०७९/०८० को हालसम्मको प्रगति समीक्षा कार्यक्रममा उहाँले भौतिक विकासका साथै जनताको जीवनस्तर उकास्ने गरी केन्द्रित हुनुपर्ने बताउनुभयो । लुम्बिनी प्रदेशलाई मुलुककै उत्कृष्ट प्रदेश बनाउनतर्फ सबै लाग्नुपर्ने उहाँको भनाइ थियो ।

"जनताले महसुस गर्ने खालको विकास गर्नतर्फ हाम्रा योजना केन्द्रित हुनुपर्दछ", मुख्यमन्त्री गिरीले भन्नुभयो, "पूर्वाधारको विकासले मात्रै मुलुक समृद्ध बन्दैन । जबसम्म जनताको जीवनस्तरमा सुधार ल्याउने खालका कार्यक्रम हामी गर्दैनौँ तबसम्म जनताले परिवर्तनको महसुस गर्न पाउँदैनन् । यसतर्फ सबै गम्भीर भएर लाग्नुपर्दछ ।"

परम्परागत योजना र कार्यक्रमले जनताको जीवनस्तरमा परिवर्तन नल्याउने भन्दै मुख्यमन्त्री गिरीले नवीन कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो । सरकारले कृषिलाई मुख्य प्राथमिकताको क्षेत्रका रूपमा लिएको भन्दै उहाँले विशेष योजना बनाएर अगाडि बढ्न कृषि मन्त्रालयलाई निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, "प्रदेशको मुख्य समृद्धिको आधार कृषि हो तर कृषिजन्य उत्पादनमा हामी आत्मनिर्भर बन्न सकिरहेका छैनौँ, यो दुःखद् विषय हो ।"

मुख्यमन्त्री गिरीले उत्पादनमा आधारित अनुदानका कार्यक्रम सञ्चालन गर्नुपर्ने, सरकारले उत्पादित वस्तुको बजारीकरण गर्ने कार्यक्रम अगाडि सार्नुपर्ने विषयमा मन्त्रालयले विशेष योजना बनाउनुपर्ने बताउनुभयो । कृषिसँगै वनसम्पदाको प्रचुर मात्रामा सदुपयोग गर्नुपर्ने मुख्यमन्त्री गिरीको भनाइ थियो । स्थानीय तहको सहभागितामा वातावरण नबिग्रने गरी नष्ट भइरहेका वनसम्पदाको सदुपयोग गर्नुपर्ने भन्दै मुख्यमन्त्री गिरीले यसतर्फ योजना बनाउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिनुभयो ।

**हालसम्मको प्रगति २४ प्रतिशत**

लुम्बिनी प्रदेश सरकारको चालु आर्थिक वर्षको हालसम्म २४ दशमलव ३२ प्रतिशत बजेट खर्च भएको आर्थिक मामिला मन्त्रालयले जनाएको छ । मन्त्रालयका सचिव दीपकराज नेपालले चालु आवको माघ मसान्तसम्म प्रदेश सरकारका मन्त्रालयगत जम्मा खर्च २४ दशमलव ३२ प्रतिशत रहेको जानकारी दिनुभयो । उहाँका अनुसार चालु खर्च २८ दशमलव ८९ र पूँजीगत खर्च २० दशमलव ९८ प्रतिशत रहेको छ ।रासस

# रास्वपाको चुनाव चिह्न फेरियो

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को चुनाव चिह्न फेरिएको छ । यसअघि गोलाकारको बीचमा घण्टीको आकृति भएको चुनाव चिह्नलाई संशोधन गरेर 'घण्टी' चुनाव चिन्ह्न बनाइएको हो ।

रास्वपाका प्रवक्ता एवं महामन्त्री डा मुकुल ढकालले पार्टीले निर्वाचन आयोगमा पेस गरेको पार्टीको विधानको अनुसूची २ मा रहेको साविक चुनाव चिह्नसम्बन्धी व्यवस्थामा परिवर्तन गर्न पेस गरेको संशोधन प्रस्तावलाई निर्वाचन आयोगका बैठकले स्वीकृत गरेसँगै चुनाव चिह्न 'घण्टी' कायम भएको जानकारी दिनुभयो ।

रवि लामिछाने नेतृत्वको रास्वपाले गत मङ्सिर ४ गतेको निर्वाचनमा गोलो घेराभित्रको घण्टी चुनाव चिह्न लिएर निर्वाचनमा भाग लिएको थियो ।

प्रतिनिधिसभामा मात्र उम्मेदवारी दिएको रास्वपाले प्रतक्ष्यमा सात सिट र समानुपातिकमा १३ सिट ल्याएको थियो थियो ।रासस

# सङ्घीयताको जग तयार : प्रदेश प्रमुख गुरुङ

गण्डकी । गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले मुलुकमा सङ्घीयताको जग तयार भएको बताउनुभएको छ । गण्डकी प्रदेशसभा बैठकलाई बुधबार सम्बोधन गर्नुहुँदै उहाँले प्रदेश संरचना सुनिने अवस्थाबाट देखिने अवस्थामा आइपुगेको उल्लेख गर्नुभयो ।

पाँच वर्षअघि शून्य संरचनाबाट सुरु भएको गण्डकी प्रदेश भौतिक, प्रशासनिक र कानुनी पूर्वाधार खडा गर्न सफल भएको प्रदेश प्रमुख गुरुङले बताउनुभयो । प्रदेशलाई स्थापित गर्न सरकार र प्रदेशसभाले खेलेको भूमिकाको उहाँले प्रशंसा गर्नुभयो ।

"प्रदेशसभाको प्रथम कार्यकालमा सरकार निर्माण गर्न, कानुन निर्माण गर्न, बजेट तथा योजना निर्माण गर्न यहाँहरूले पुऱ्याउनुभएको योगदानका लागि धन्यवाद ज्ञापन गर्दछु", प्रदेश प्रमुख गुरुङले भन्नभयो ।

प्रदेशको पञ्चवर्षीय योजनाको कार्यान्वयन, प्रदेश लोकसेवा आयोग गठन, गण्डकी प्रदेश प्रशिक्षणको स्थापनाजस्ता कार्यलाई उपलब्धिको रुपमा लिनुपर्ने उहाँले बताउनुभयो ।

प्रदेशप्रमुखगुरुङलेअहिलेको प्रदेश सरकारले मन्त्रालय सङ्ख्या घटाएर प्रदेशवासीमा सकारात्मक सन्देश दिएको उल्लेख गर्नुभयो । ऐन, कानुन निर्माणदेखि विकास आयोजनालाई गति दिन प्रदेश सरकारले सक्रियता लिइरहेको उहाँको भनाइ छ । "प्रदेशलाई बलियो बनाई प्रदेश सरकारको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन मुख्यमन्त्रीबाट पटकपटक प्रधानमन्त्रीलाई भेट गरी प्रदेशका समस्या र समाधानका उपायका सम्बन्धमा जानकारी गराउने काम भएको छ", प्रदेश प्रमुख गुरुङले भन्नुभयो ।

जनअपेक्षाअनुरुप विकास, सुशासन र सेवा प्रवाहलाई चुस्त पार्न प्रदेश सरकारले थप प्रयत्न गर्नुपर्ने उहाँले बताउनुभयो । "संविधानमा व्यवस्था गरिएको सबै मौलिक हकअधिकारको व्यवहारमा अवलम्बन गर्न/गराउन बाँकी नै छ, सेवा प्रवाहलाई सहज र सरल बनाउनु जरुरी छ", प्रदेश प्रमुख गुरुङले भन्नुभयो । उहाँले 'समृद्ध प्रदेश, सुखी नागरिक'को लक्ष्य प्राप्तिका लागि वर्तमान गण्डकी सरकार प्रतिबद्ध रहेको बताउनुभयो । विकास र समृद्धि कुनै राजनीतिक दल वा समूह विशेषको निजी विषय नभई नागरिकको साझा विषय भएको प्रदेश प्रमुख गुरुङले उल्लेख गर्नुभयो ।

गण्डकी प्रदेशको समृद्धिका लागि पर्यटन, ऊर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, मानव संशाधन र सुशासनलाई केन्द्रमा राखेर सरकारले काम गरिरहेको उहाँले बताउनुभयो । प्रदेश प्रमुख गुरुङले सबैको संयुक्त प्रयासबाट गण्डकीले समृद्धि हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो । रासस


## बिष्णुपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बिष्णुपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/११/१८

यस कार्यालयद्वारा मिति २०७९/१०/११ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित निम्न बमोजिमका शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार निर्धारित समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा कम मूल्यमा कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र यस कार्यालयको मिति २०७९/११/१७ गतेको निर्णय अनुसार स्वीकृतिको लागि छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

| सि. नं . | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क समेत) |
|---|---|---|---|---|
| १ | ३६/२०७९/०८०/ NCB/BRM | वडा नं २ थलही पोखरी सौन्दर्यकरण गर्ने कार्य | बिल्डाना कन्स्ट्रक्सन प्रा.लि, काठमाडौं-१, काठमाडौं | ३१,५६,२१४.५४/- |
| २ | ३७/२०७९/०८०/ NCB/BRM | वडा कार्यालय परिसरमा भौतिक पूर्वाधार (वडा कार्यालय) निर्माण कार्य वडा नं ६ | दुर्गा कन्स्ट्रक्सन, छिन्नमस्ता-५, सप्तरी | ३६,५७,८३२.६/- |

प्रमुख प्रशासकीय अधिकृत


# एमालेको 'मिसन ग्रासरुट' अभियान सुरु

रुपन्देही । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को 'मिसन ग्रासरुट' अभियान बुटवलमा सुरु भएको छ । बुटवल उपमहानगरपालिका-१३ बेलवासमा बिहीवार एक कार्यक्रम गरी दुई महिने अभियानको औपचारिक सुरुआत गरिएको हो ।

कार्यक्रममा नेकपा (एमाले)का स्थायी कमिटी सदस्य तथा पार्टीका विदेश विभाग प्रमुख डा राजन भट्टराईले पार्टीलाई बलियो बनाउन ग्रासरुट अभियानको थालनी गरिएको बताउनुभयो । "एमाले तल्लो तहका कार्यकर्ताले जोगाएको पार्टी हो, यसमा अझै धेरैलाई जोड्न जरुरी छ", उहाँले भन्नुभयो । पार्टी छोड्ने नेताले एमाले सकिन्छ भनेर सोच्ने गरेको बताउँदै नेता भट्टराईले यो अभियानले पार्टी झनै बलियो बन्ने दाबी गर्नुभयो । राष्ट्रिय राजनीतिमा एमालेको भूमिका अझै प्रभावकारी बनाउन युवालाई पार्टीप्रति आकर्षण गर्न जरुरी रहेको उहाँले बताउनुभयो ।

देश र जनताको हितलाई केन्द्रमा राखेर एमालेले नीति कार्यक्रम बनाएको बताउँदै नेता भट्टराईले यसबारे तल्लो तहका कार्यकर्तालाई जानकारी गराउन तथा राष्ट्रिय एकता र विकास निर्माणमा पार्टीले खेलेको भूमिकाबारे आमनागरिकलाई जानकार बनाउन अभियानलाई सफल पार्न आग्रह गर्नुभयो । "मुलुक इतिहासकै अप्ठ्यारो मोडमा छ, अहिले अन्तर्राष्ट्रिय शक्ति मिलेर हामीलाई एक्ल्याउन खोजेका छन् । प्रतिकूलतालाई अनुकूलतामा बदलेर अघि बढ्न पार्टीलाई सबैको साथ आवश्यक छ", उहाँले भन्नुभयो ।

एमालेका पेलिट्ब्युरो सदस्य वैजनाथ चौधरीले पार्टी अराजकताको अन्त्य गरी पार्टीलाई सशक्त बनाउन अभियान प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । "पहिले एक समयमा सिङ्गो मुलुकको हेडक्वाटर बुटवल थियो । रासस

# रूस र चीनसँग भेट्ने कुनै योजना छैन : ब्लिन्केन

एएफपी

ताशकन्द । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले युक्रेनमा जारी युद्ध अन्त्यका लागि मस्को गम्भीर नभएको आरोप लगाउँदै नयाँ दिल्लीमा यसै साता हुने जी-ट्वन्टी बैठकमा रूसी र चिनियाँ विदेशमन्त्रीसँग भेटघाट नगर्ने बताउनुभएको छ ।

“जी-२० मा सहभागी हुने मेरो कुनै योजना छैन,” ब्लिन्केनले नयाँ दिल्ली प्रस्थान गर्नुअघि ताशकन्दमा पत्रकारसँग भन्नुभयो । “म उनीहरूसँग समूह सत्रमा सहभागी हुने अपेक्षा गर्दछु ।

ब्लिन्केनले युक्रेन आक्रमणपछि लाभरोभलाई व्यक्तिगत रूपमा भेट्न अस्वीकार गर्दै राष्ट्रपति भ्लादिमिर पुटिनले सुरु गरेको युद्धबारे छलफल गर्न तयार रहेको रूसी भनाइलाई अस्वीकार गर्दै आउनुभएको छ ।

ब्लिन्केनले भन्नुभयो, “यदि रूस र राष्ट्रपति पुटिन वास्तवमै आक्रामकता अन्त्यका लागि आवश्यक अर्थपूर्ण कूटनीतिमा सम्लग्न हुन तयार थिए भने पक्कै पनि हामी यसमा सम्लग्न हुने पहिलो व्यक्ति हुने थियौँ, तर यसको कुनै प्रमाण छैन ।”

“वास्तविक प्रश्न यो हो कि के रूस त्यस्तो बिन्दुमा पुग्नेछ जहाँ ऊ आफ्नो आक्रामकता अन्त्य गर्न साँच्चै तयार छ, र संयुक्त राष्ट्र संघको बडापत्रसँग मेल खाने तरिकाले त्यसो गर्न तयार छ । लाभरोभ र ब्लिन्केनबीच पछिल्लो पटक जनवरी २०२२ मा जेनेभामा व्यक्तिगत भेट भएको थियो । गत फेब्रुअरी २४ मा रूसले युक्रेनमाथि आक्रमण गर्न लागेको स्पष्ट भएपछि अमेरिकाका उच्च कूटनीतिज्ञले उक्त बैठक रद्द गर्नुभएको थियो ।



ब्लिन्केनले अमेरिकी र रूसी कैदीलाई आदानप्रदान गर्ने सामान्र्य उद्देश्यका लागि लाभरोभसँग टेलिफोनमा कुरा गर्नुभएको थियो । गत जुलाईमा बालीमा भएको जी-२० को अन्तिम मन्त्रीस्तरीय बैठकमा दुवै जना एउटै कोठामा बसेका थिए, जहाँ पश्चिमा अधिकारीहरूले युद्धको आलोचना सुनेपछि लाभरोभ बाहिर निस्केको बताएका थिए ।

ब्लिन्केनले फेब्रुअरी १८ मा म्युनिख सुरक्षा सम्मेलनका क्रममा चिनियाँ विदेश नीति प्रमुख वाङ यीसँग भेट्नुभएको तर अमेरिकी भूमिमा कथित चिनियाँ जासुसी बेलुन फेला परेपछि लामो समयदेखि प्रतिक्षा गरिएको बेइजिङ भ्रमण रद्द गरेको केही दिनपछि यो बैठक भएको थियो ।

गत नोभेम्बरमा अमेरिकी राष्ट्रपति सी चिनफिङ र जो बाइडेनबीच बालीमा भएको भेटवार्तापछि तनाव कम भएको देखिएको थियो । बाइडेन प्रशासनले चीनलाई संयुक्त राज्य अमेरिकाको शीर्ष दीर्घकालीन चुनौतीको रूपमा वर्णन गरेको छ तर विवादलाई नियन्त्रणबाहिर जानबाट रोक्न “गार्डरेल“ स्थापना गर्न पनि आह्वान गरेको छ । बेइजिङले हालै युक्रेनका लागि शान्ति प्रस्ताव अघि सारेको छ ।

प्रस्तावमा ‘सकारात्मक तत्वहरू’ रहेको भन्दै चीनले युक्रेनको सार्वभौमिकता पुनः स्थापनामा जोड दिने आफूले विश्वास लिएको ब्लिन्केनले बताउनुभयो ।

## सोमालियाका पचास लाख नागरिक खाद्य सङ्कटमा

सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ । राजनीतिक तथा आर्थिक सङ्कटमा फसेको सोमालियामा कम्तीमा पनि पचास लाख मानिस खाद्य सङ्कटमा परेका बताइएको छ । संयुक्त राष्ट्रसङ्घका विज्ञहरुले सो कुराको जानकारी हालै मात्र दिएका समाचारमा जनाइएको छ । सोमालियाली अधिकारीहरुले यसअघिदेखि नै देशमा खाद्यान्नको संकट परेको बताउने गरेका थिए ।

यहाँ खाद्य सङ्कटमा परेका मध्ये कम्तीमा पनि एक लाख जना त अहिले नै भोकमरीमा परेका बताइएको छ । खाद्यान्न सम्बन्धी विज्ञलाई उद्धृत गर्दै संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियोग गुटरेसका प्रमुख प्रवक्ता स्टेफन डुजारिकले सोमालियाको अवस्था निकै खराब बन्दै गएको बताउनुभएको छ ।

उहाँका अनुसार सोमालियाका अनुमानित १८ लाख बालबालिका कुपोषणमा परेका छन् र तीमध्ये किरब पाँच लाख जनाको अवस्था नाजुक रहेको छ ।अहिले नै यहाँ खाद्यान्नसम्बन्धी आवश्यक व्यवस्था गर्न नसक्ने हो भने यस देशमा खाद्यान्नको चरम संकट पर्दै जानेतर्फ सबैले ध्यान दिनुपर्ने उहाँले बताउनुभएको छ ।

## सन्दीप लामिछाने युएई प्रस्थान




काठमाण्डु । नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्य सन्दीप लामिछाने आइसिसी विश्वकप क्रिकेट लिग-२ खेल्न वुधवार युएई प्रस्थान गरेका छन् ।

नेपाली टोलीका सदस्य श्याम (मौसम) ढकालको स्थानमा सन्दीपलाई युएई पठाएको नेपाल क्रिकेट सङ्घ (क्यान)ले जनाएको छ । हिजो भएको अभ्यास खेलका क्रममा ढकाल घाइते भएपछि सन्दीपलाई युएई पठाइएको क्यानले जनाएको हो ।

युएईमा जारी आइसिसी विश्वकप लिग-२ अन्तर्गत नेपाल, युएई र पपुवा न्युगिनीबीच एकदिवसीय शृंखला चलिरहेको छ । सर्वोच्च अदालतले सन्दीपलाई विदेश जान अनुमति दिएसँगै सन्दीपका लागि युएईको ढोका खुलेको हो । नाबालिग बलात्कार अभियोग लागेका सन्दीपलाई सर्वोच्च अदालतले राष्ट्रिय टिमको खेल खेल्न विदेश जान अनुमति दिएपछि उनी युएई प्रस्थान गरेका हुन् । युएई शृंखलाको पहिलो खेलमा नेपालले पपुवा न्युगिनीलाई हराएको थियो । नेपालले आफ्नो दोस्रो खेल बिहीबार युएईसँग खेल्नेछ । रासस

## राष्ट्रपति रनिङ शिल्डको उपाधि सिस्नेलाई

रुकुम । यहाँ सञ्चालन गरिएको १४औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधि सिस्ने गाउँपालिकाले हात पारेको छ ।

पुथा उत्तरगङ्गा गाउँपालिका-१० तकमा यही फागुन १४ देखि १६ गतेसम्म सञ्चालन गरिएको जिल्लास्तरीय रनिङ शिल्ड प्रतियोगितामा भूमे र पुथा उत्तरगङ्गा गाउँपालिकालाई पछि पार्दै सिस्ने गाउँपालिकाले शिल्ड हात पारेको हो ।

जिल्ला खेलकुद विकास समितिको आयोजनामा भएको प्रतियोगितामा १० स्वर्णसहित सिस्ने प्रथम भएको हो । विभिन्न २४ विधामा प्रतियोगिता भएको थियो । त्यसैगरी नौ स्वर्णसहित भूमे गाउँपालिका दोस्रो र पाँच स्वर्णसहित पुथा उत्तरगङ्गा गाउँपालिका तेस्रो भएको खेलकुद विकास समितिले जनाएको छ । ‘राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद’ भन्ने नाराका साथ महेन्द्र मावि तकसेरामा प्रतियोगिता सञ्चालन गरिएको थियो । रासस

# युक्रेन र चीनका कारण जी ट्वेन्टी विदेशमन्त्रीको बैठक छायामा




एएफपी

नयाँदिल्ली । शीर्ष अमेरिकी कूटनीतिज्ञ एन्टोनी ब्लिङ्केन जी ट्वेन्टी विदेशमन्त्रीको बैठकमा भागलिन आज यहाँ आउँदै हुनुहुन्छ । रसियाका सर्गेई लाभरोभ गए राति अबेरदेखि यहाँ हुनुहुन्छ । युक्रेन युद्ध र अमेरिका-चीन तनावका कारण जी ट्वेन्टीका गतिविधि छायामा पर्ने ठानिएको छ ।

विश्वका अग्रपङ्तिका अर्थतन्त्रबीच एकता कायम गर्ने प्रयासलाई भारतको प्रयास ओझेलमा पर्ने छ किनकी अमेरिकी र रुसी विदेशमन्त्रीले एकअर्कालाई भेट्ने सम्भावना छैन । गत जुलाइमा बालीमा भएको समूहको बैठकका बेला पनि आफ्ना अमेरिकी समकक्षीलाई भेट्न त के देख्न पनि नपरोस् भनेर एउटै प्रेक्षालयमा बस्नुभएन । पश्चिमा अधिकारीहरूका अनुसार उक्त बैठकमा सहभागी हुन अमेरिकी विदेशमन्त्री बैठकस्थलमा आउनुभन्दा केही क्षणअघि रुसी विदेशमन्त्री बाहिरिनुभएको थियो ।

पछिल्लो पटक अमेरिकी र रुसी विदेशमन्त्रीबीच सन् २०२२ मा भेटवार्ता भएको थियो । रुसले युक्रेनमा आक्रमण गर्नु केही साताअघि भएको टेलिफोन वार्तामा युद्धबाहेकका विषयमा कुराकानी भएको थियो । अमेरिका र यसका सहयोगीहरूको विनाशकारी नीतिले संसारलाई विपत्तिको छेउमा पुऱ्याएको छ, सामाजिक-आर्थिक विकासमा अवरोध गरेको तथा गरिब देशहरूको अवस्थालाई गम्भीर रूपमा बिगारेको आरोप रुसले लगाएको छ ।

बैठकका क्रममा अमेरिकी र चिनियाँ विदेशमन्त्रीबीचको भेटवार्ता पनि अनिश्चित भएको छ । गत महिना जर्मनीमा भएको सुरक्षा सम्मेलनमा चिनियाँ कूटनीतिज्ञ वाङ यीले अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गरेर अमेरिकाले वायुवेग र काबुबाहिरको परिस्थितिका कारण आफ्नो दशले नागरिकस्तरमा मौसमसम्बन्धी सूचना प्राप्त गर्न प्रक्षेपण गरेको बेलुन खसालेकामा आपत्ति जनाउनुभएको थियो । मौसम अनुसन्धानका निम्ति उडाइएको बेलुनलाई जासुसी गर्न छाडिएको भन्दै अपमानपूर्ण तबरले त्यसलाई खसालेकामा चीनले आपत्ति मात्र जनाएको छैन बल प्रयोगले दुई देशबीचको सम्बन्धमा थप चुनौती थपिने चेतावनी दिएको थियो । उसले वासिङ्टनलाई संयमित हुन र वास्तविकताबारे पूर्ण ज्ञानबिना नै कारबाहीमा नउत्रन सुझाएको थियो । त्यसैगरीताइवान मामिलालाई लिएर पनि अमेरिकी अडानलाई लिएर पनि बेइजिङ र वासिङ्टनबीच तनाव छ ।

अमेरिकाले युक्रेन युद्धमा चिनियाँ सहयोगको आशङ्का गर्दै आएको छ । मस्कोलाई उसले घातक हातहतियार उपलब्ध गराउने ठानेको छ । वासिङ्टनले बेइजिङलाई रुसका निम्ति कुनै किसिमका युद्ध सामग्री प्रदान नगर्न चेतावनी दिँदै आएको छ । चिनियाँ कूटनीतिज्ञ वाङले गत साता रुसी राष्ट्रपति भ्यादिमिर पुटिन र विदेशमन्त्री लाभारोभलाई बेग्लाबेग्लै भेटेर रुससँग रणनीतिक सहयोग सुदृढ गर्न चीन इच्छुक रहेको बताउनुभएको थियो ।

अमेरिकी विदेशमन्त्रीले एशिया-प्रशान्त क्षेत्रको अन्तर सरकारी सुरक्षा संयन्त्र (क्वाड) समूहका आफ्ना समकक्षीहरूसँग भेटवार्ता गर्ने अपेक्षा गरिएको छ । चीनविरुद्ध क्वाड स्थापना गरिएको आरोप पनि छ ।क्वाडमा अमेरिका, जापान, भारत,अष्ट्रेलिया सदस्य छन् । समूहका अतिरिक्त सदस्यमा दक्षिण कोरिया, न्युजिल्याण्ड र भियतनाम छन् ।

# नाइजेरियाको राष्ट्रपतिमा बोला टिनुबु निर्वाचित

सिन्ह्वा

अबुजा । नाइजेरियामा सत्तारुढ दल अल प्रोग्रेसिभ कङ्ग्रेसका उम्मेदवार बोला टिनुबु ८० लाख ७९ हजार मत ल्याएर राष्ट्रपतिमा निर्वाचित हुनुभएको निर्वाचन आयोगले जनाएको छ ।



निर्वाचित ७० वर्षीय राष्ट्रपतिले आफ्ना निकटतम प्रतिद्वन्द्वी पूर्वउपराष्ट्रपति अतीकु अबुबाकरलाई पराजित गर्नुभएको उक्त आयोगले जनाएको छ । नेता अबुबाकरले छ लाख ९८ हजार मत प्राप्त गर्नुभएको छ भने उहाँलाई पछ्याउँदै लेबर पार्टीका उम्मेदवार पिटर ओबीले ६१ लाख भोट पाउनु भएको हो राष्ट्रिय निर्वाचन आयोगका अध्यक्ष महमूद याकुबुले बताउनुभएको छ ।

यो निर्वाचन नाइजेरियाको इतिहासमा सबैभन्दा कडा प्रतिस्पर्धा भएको थियो । नेता टिनुबुको पकड बलियो रहेको लागोसका साथै देशको दक्षिणपश्चिम क्षेत्रमा आफ्नो गढ बनाएका ओबीलाई पराजित गर्नुभएको छ । नवनिर्वाचित राष्ट्रपति टिनुबु लागोस राज्यका पूर्वगभर्नर एवम् सिनेटर हुनुहुन्छ । राष्ट्रव्यापी समर्थकहरूको विशाल भेलालाई सम्बेधन गर्दै उहाँले आफ्नो जितसँगै नाइजेरियामा नयाँ आशा पलाएको बताउनुभयो ।

उहाँले दिगो विकासमा ध्यान दिने तथा नागरिकका चाहनाबमोजित राष्ट्रिय विकासका काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सुरक्षित नाइजेरिया बनाउने जनचाहना पूरा गर्ने दृढता पनि उहाँले व्यक्त गर्नुभयो । निवर्तमान राष्ट्रपति मुहम्मदु बुहारीले टिनुबुको जितको स्वागत गर्दै निर्वाचन परिणामले अफ्रिकाको सबैभन्दा ठूलो अर्थतन्त्रमा लोकतन्त्र प्रतिविम्बित भएको बताउनुभयो । राष्ट्रपति बुहारीले सुव्यवस्थित रूपमा टिनुबु र उहाँको टोलीलाई सत्ता हस्तान्तरण गर्ने बताउनुभएको छ । बुहारीले राष्ट्रपति निर्वाचनलाई अफ्रिकाको सबैभन्दा ठूलो लोकतान्त्रिक अभ्यासका रूपमा वर्णन गर्दै नवनिर्वाचित राष्ट्रपति टिनुबुको प्रशंसा गर्नुभएको छ । रासस

# श्रीलङ्कामा मट्टितेलको मूल्य ५० रूपैंया घट्यो



सिन्ह्वा

कोलम्बो । श्रीलङ्कामा मट्टितेलको मूल्यमा ५० रूपैंया घटाइएको छ । श्रीलङ्काको सरकारी स्वामित्वको इन्धन आयातकर्ता तथा वितरक सिलोन पेट्रोलियम कर्पोरेसन (सीपीसी) ले मट्टितेलको मूल्य घटाउने प्रस्तावलाई बुधबार राष्ट्रपति रनिल विक्रमासिङ्घेले अनुमोदन गर्नुभएको हो ।

राष्ट्रपतिको सञ्चार विभाग (पीएमडी) ले मार्च १ को मध्यरातदेखि मूल्य घटाउने घोषणा गरेको छ । मट्टितेलको मूल्य प्रतिलिटर ५० रुपैयाँ (०.१४ अमेरिकी डलर) घटाएर ३०५ रुपैयाँ कायम गरिएको छ। औद्योगिक मट्टितेलको मूल्य प्रतिलिटर १सय ३४ रुपैयाँले घटेर ३ सय ३० रुपैयाँमा झरेको निगमले जनाएको छ । सन् २०२२ मा घरेलु आर्थिक सङ्कटका कारण अनुदान हटाइएपछि दक्षिण एसियाली मुलुकमा मट्टितेलमा अत्यधिक सहुलियत दिइएको थियो ।

सन् २०२२ को अगष्टमा सीपीसीले मट्टितेलको मूल्य प्रतिलिटर ८७ रुपैयाँबाट बढाएर ३४० रुपैयाँ र नोभेम्बर २०२२ मा ३६५ रुपैयाँ पुर्याएको थियो । जनवरी २०२३ मा यसको मूल्य घटाएर ३५५ भारु मा झारिएको थियो ।

श्रीलङ्काकामा मट्टितेल मुख्यतया आवासीय क्षेत्र र मत्स्य पालन समुदायहरूले प्रयोग गर्छन् । बुधबार श्रीलङ्कामा एक अमेरिकी डलर बराबर ३६२.८४ श्रीलङ्काली रूपैंया कायम गरिएको छ ।

# चीनको युक्रेन शान्ति योजनामा बेलारुसको ‘पूर्ण समर्थन’

सिन्ह्वा

बेइजिङ । बेलारुसका राष्ट्रपति अलेक्ज्यान्डर लुकासेन्कोले आफ्ना चिनियाँ समकक्षी सी चिनपिङसँग युक्रेन युद्ध अन्त्यका लागि बेइजिङको प्रस्तावलाई आफ्नो देशले ‘पूर्ण समर्थन’ गरेको बताउनुभएको छ ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनका कट्टर सहयोगी लुकाशेन्कोले युक्रेनमा मस्कोको युद्धबारे धारणापत्र प्रकाशित गरेपछि लुकाशेन्कोले चीनको राजधानी बेइजिङको राजकीय भ्रमण गर्न लाग्नुभएको हो ।

मस्कोले आफ्नो युरोपेली छिमेकीमाथि गरेको आक्रमणको निन्दा गर्न असफल भएको भन्दै पश्चिमी देशहरूले चीनको आलोचना गर्दै आएका छन् । संयुक्त राज्य अमेरिका र नेटोले हालै रुसलाई हतियार स्थानान्तरण गर्नेबारे विचार गरिरहेको हुन सक्ने दाबीप्रति उग्र प्रतिक्रिया व्यक्त गरेको छ ।

उक्त पत्रमा युक्रेनका सहयोगीहरूले शङ्का व्यक्त गरेका थिए भने रूसले उक्त प्रस्तावलाई स्वीकार गरेको थियो तर द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि ‘अहिले’ सर्तहरू नभएको बताएको थियो ।

लुकासेन्कोले आफ्नो भ्रमण र चिनियाँ अधिकारीसँगको भेटवार्ताबारे भन्नुभयो, “आजको बैठक अत्यन्त कठिन समयमा भइरहेको छ, जसले नयाँ, अपम्परागत दृष्टिकोण र जिम्मेवार राजनीतिक निर्णयको माग गर्दछ ।

उहाँले सीलाई भन्नुभयो, “युद्धले कसैको पनि विजय नहुने हुँदा उनीहरू सबैभन्दा पहिले विश्वव्यापी मुठभेडमा फस्नबाट रोक्नका लागि लक्षित हुनुपर्छ ।”

उहाँले भन्नुभयो, “त्यसैले बेलारुस सक्रिय रूपमा शान्ति प्रस्तावहरू लिएर आइरहेको छ, र तपाईंले अगाडि सारेको अन्तर ष्ट्रिय सुरक्षाको पहललाई पूर्ण समर्थन गर्दछ ।” बेलारुसले चीनसँग प्राविधिक सहयोग बढाउन चाहेको पनि उहाँले बताउनुभयो ।

## लागूऔषध तस्करीको अभियोगमा दश जना पक्राउ

सिन्ह्वा

हेरात । अफगानिस्तानको पश्चिमी हेरात प्रान्तमा लागूऔषध ओसार पसारमा संलग्न भएको आरोपमा अफगान प्रहरीले १० जनालाई पक्राउ गरेको छ ।

प्रान्तीय प्रहरीले बुधबार जारी गरेको विज्ञप्तिअनुसार कथित तस्करहरूलाई प्रान्तीय राजधानी हेरातबाट २९ किलो चरेस र हेरोइन उत्पादनमा प्रयोग हुने सामग्रीका साथ पक्राउ गरिएको हो ।

यसैबीच, अफगानिस्तानको ‘काउन्टर नोर्कोटिक्स पुलिस’ले गत शनिबार उत्तरी सामगन र पश्चिमी फराह प्रान्तमा लागूऔषध तस्करीमा संलग्न भएको अभियोगमा दुई जनालाई पक्राउ गरेको थियो ।

अफगानिसतानको तालिवान प्रशासनले चरेस उत्पादन एवम् प्रशोधनमा प्रतिबन्ध लगाएको छ भने लागूऔषध ओसारपसारलाई रोक्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# यमन हवाई हमलामा अल-कायदाका शीर्ष नेता मारिए

एएफपी

दुबई । युद्धग्रस्त यमनमा संदिग्ध अमेरिकी हवाई हमलामा अल-कायदाका एक वरिष्ठ व्यक्ति मारिएका सुरक्षा र स्थानीय सरकारी स्रोतहरूले बुधबार एएफपीलाई बताएको छ ।

अल-कायदा इन द अरेबियन पेनिन्सुला (एक्युएपी) का शीर्ष नेता हमाद बिन हमाउद अल-तामिमी, जसलाई वाशिंगटनले विश्वव्यापी जिहादी नेटवर्कको सबैभन्दा खतरनाक शाखाहरू मध्ये एक मान्दछ । सो



हवाई आक्रमणमा परी एक अङ्गरक्षसहित मृत्यु भएको एक सुरक्षा अधिकारी जानकारी दिएका छन् । अल-तामिमीले हालै भाडामा लिएको उत्तरी प्रान्त मारिबको एउटा घरलाई निशाना बनाएर गरिएको हवाई हमला स्पष्ट रूपमा अमेरिकी भएको अधिकारीले बताएका छन् ।

एक मारिब सरकारी अधिकारीले पनि मृत्युको पुष्टि गरेका छन् । अब्देल अजिज अल-अदनानी भनेर चिनिने साउदीकी तमिमीले एक्युएपीको नेतृत्व परिषद्को नेतृत्व गरेका र आतङ्कवादी समूहको “न्यायाधीश“ को रूपमा काम गरेका स्रोतले जानकारी दिएका छन् ।

# ग्रिसमा रेल दुर्घटनामा ३२ को मृत्यु

एएनआई

एथेन्स । ग्रीसमा मङ्गलबार अबेर राति दुईवटा रेल एक आपसमा ठोक्किँदा ३२ जनाको मृत्यु हुनुको साथै कम्तीमा ८५ जना घाइते भएका सीएनएनले जनाएको छ । ग्रीसको लारिसा सहरनजिकैको मध्य ग्रीसको टेम्पीमा मङ्गलबार साँझ तीन सय ५० भन्दा बढी यात्रु बोकेको यात्रुवाहक रेल एक मालवाहक रेलसँग ठोक्किँदा कम्तीमा ३२ जनाको मृत्यु हुनुका साथै ८५ भन्दा बढी घाइते भएका ग्रीसको फायर सर्भिसले जनाएको छ ।

उद्दारको प्रयास जारी छ र मृतकको संख्या बढ्न सक्ने अनुमान गरिएको छ ग्रिसमा रेल दुर्घटनामा परी ३२ जनाको ज्यान गएको छ । मङ्गलबार भएको सो दुर्घटनामा परी ३२ जनाको मृत्यु हुनुको साथै अन्य ८५ घाइते भएका ग्रिसका अधिकारीहरुले पुष्टि गरेका छन् ।

दुई रेलहरू बीचको टक्करको गम्भीरताका कारण क्रेन बोक्ने सवारीहरूले निकाल्ने काममा सहयोग गरिरहेका फायर ब्रिगेडले एक विज्ञप्तिमा जानकारी दिइएको छ।



सुनसरीको इनरुवास्थित हटियामा बिक्रीका लागि राखिएका फलामका घरेलु औजार। *तस्बिर : रासस*

# इसिएफअन्तर्गतका कार्यक्रमको समीक्षापछि नेपाललाई थप ऋण निकासा गर्दै मुद्राकोष

काठमाण्डु । नेपालमा एक्स्टेन्डेड क्रेडिट फेसिलिटी (इसिएफ)मार्फत सहुलियतपूर्ण ऋण परिचालन भएका कार्यक्रमको समीक्षापछि थप ऋण निकासा गर्न अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) सहमत भएको छ । यही फागुन ३ देखि फागुन १६ गतेसम्म नेपाल भ्रमणमा रहेको मुद्राकोषको टोलीले इसिएफअन्तर्गतका कार्यक्रमको कार्यप्रगति समीक्षा गरेको थियो ।

उक्त समीक्षापछि नेपाललाई थप ऋण निकासा गर्न लागिएको मुद्राकोषले जनाएको छ । “इसिएफको पहिलो र दोस्रो चरणको समीक्षा पूरा गर्न केही नीतिगत व्यवस्थाका लागि मुद्राकोष र नेपालका अधिकारी सहमत भएका छन् । यो समीक्षापछि पाँच करोड २० लाख अमेरिकी डलर बराबरको बाँकी इसिएफ निकासा गर्न मुद्राकोषको कार्यकारी बोर्डले सहमति दिनेछ”, मुद्राकोषले विज्ञप्तिमार्फत भनेको छ । विश्वव्यापी र आन्तरिक चुनौतीका बाबजुद नेपालले इसिएफअन्तर्गतका कार्यक्रम कार्यान्वयनमा सकारात्मक उपलब्धि हासिल गरेको पनि मुद्राकोषले जनाएको छ ।

गत वर्ष अर्थात सन् २०२२ जनवरी १२ मा मुद्राकोषको कार्यकारी बोर्डले नेपाललाई स्पेसल ड्रइङ राइट (एसडीआर) का रूपमा ३९ करोड ५९ लाख अमेरिकी डलर बराबर इसिएफ उपलब्ध गराउने निर्णय गरेको थियो । त्यस्तो सहुलियतपूर्ण ऋणमध्ये ११ करोड अमेरिकी डलर मुद्राकोषले तत्काल निकासा दिएको थियो ।

हाल निकासा दिन लागिएको पाँच करोड २० लाख अमेरिकी डलर सहुलियतपूर्ण ऋण पनि त्यही सम्झौताअन्तर्गतको हो । नेपालको आर्थिक वृद्धिदरमा सङ्कुचन रहेको तथा आन्तरिक र बाह्य क्षेत्रसमेतको व्यवस्थापनका लागि चालिएका नीतिगत कदमको प्रभाव अर्थतन्त्रमा देखिएको मुद्राकोषले जनाएको छ ।

कसिलो मौद्रिक नीतिले बाह्य क्षेत्र व्यवस्थापनमा सघाएको र बजेटको अर्धवार्षिक समीक्षाबाट चालिएका सरकारका कदमले अर्थतन्त्रमा आगामी दिनमा देखिनसक्ने चुनौती सम्बोधन गर्न खोजेको पनि मुद्राकोषले उल्लेख गरेको छ । आर्थिक वर्ष २०२२/०२३ मा नेपालले चार दशमलव चार प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने प्रक्षेपण गरिएको पनि मुद्राकोषले जनाएको छ ।

“नेपालले उच्च अङ्कको आर्थिक वृद्धिको अपेक्षा गरेको भए पनि आर्थिक वर्ष २०२२/०२३ मा चार दशमलव चार प्रतिशतको मात्रै वृद्धिदर हासिल गर्ने देखिएको छ । सुधार हुँदै गएको पर्यटन क्षेत्र, कृषि क्षेत्रमा विस्तार र रेमिट्यान्सले आर्थिक वृद्धिदरलाई सहयोग गरेको छ”, मुद्राकोषले विज्ञप्तिमा भनेको छ । नेपालले चालु आर्थिक वर्षको बजेटमार्फत आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेको थियो ।

नेपालले मध्यम खालको आर्थिक वृद्धिका लागि वित्तीय क्षेत्र पुनःसंरचना, बैंक तथा वित्तीय क्षेत्रको नियमन तथा सुपरीवेक्षणमा कडाइ, व्यावसायिक लागत (कस्ट अफ डुइङ बिजनेस) घटाउने र प्रत्यक्ष वैदेशिक लगानीलाई प्रवर्द्धन गर्न आवश्यक रहेको मुद्राकोषले उल्लेख गरेको छ ।रासस

# हिमालय ट्राभल मार्टको चौथो संस्करण जेठमा




काठमाण्डु । हिमालय ट्राभल मार्टको चौथो संस्करण आगामी जेठ २३ देखि २६ (जुन ६ देखि ९) सम्म काठमाडौँमा आयोजना हुने भएको छ ।

प्यासिफिक एसिया ट्राभल एशोसिएशन (पाटा) नेपाल च्याप्टरद्वारा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको स्वामित्वअन्तर्गत नेपाल पर्यटन बोर्ड, नेपाल वायुसेवा निगमका साथै विभिन्न अन्तर ष्ट्रियसङ्घ संस्थाकोसहकार्यमा मार्ट आयोजना गर्न लागिएको पाटा नेपालले जनाएको छ ।सन् २०१७ देखिहरेक वर्ष आयोजना हुँदै आएकामा कोभिड-१९ महामारीका कारण सन् २०१९ पछि आयोजना हुनसकेको थिएन ।

पाटा नेपाल च्याप्टरका अध्यक्ष विभूतिचन्द ठाकुरले हिमालयन ट्राभल मार्ट २०२३ मा सहभागी हुन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिनिधिलाई निमन्त्रणा गरिएको जानकारी दिनुभयो । उहाँले मार्टमा सहभागी भई महामारीपछिपर्यटन व्यवसायको पुनरुत्थान अभियानमा सहयोग गर्न सम्बद्ध सबै पक्षलाई आह्वान गर्नुभयो ।

“कोभिडले विश्वव्यापीरूपमा यात्रा र पर्यटन उद्योगमा नराम्रो असर पारेको छ । नेपालमा पनि यसको असर परेको थियो । अहिले पर्यटन क्षेत्र क्रमशःलयमै फर्किरहँदा हिमालयन ट्राभल मार्टको आयोजनाले नेपाललगायत समग्र हिमालयन क्षेत्रकै पर्यटन पुनरुत्थान र प्रवर्द्धनमा सहयोग पुऱ्याउने विश्वास लिएका छौँ”, अध्यक्ष ठाकुरले भन्नुभयो ।

मार्टका सन्दर्भमा पर्यटनमन्त्री सुदन किरातीले विश्वभरबाट आउने अतिथिलाई निमन्त्रणाका साथै शुभकामना सन्देश दिनुभएको पाटा नेपालले विज्ञप्तिमा उल्लेख गरेको छ । मन्त्री किरातीले हिमालयन ट्राभल मार्ट २०२३ मा सहभागी भई नेपालले प्रदान गर्ने जीवन्त अनुभवको अनुभूतिलिन तथा कोभिडपछिको पर्यटन पुनरुत्थानमा आवश्यक साथ, सहयोग र सहकार्यका लागि आह्वान गर्नुभएको छ ।

मन्त्री किरातीले भन्नुभयो, “महामारीका कारण क्षतविक्षत भएको पर्यटन व्यवसाय पुनःनिर्माणको सङ्घारमा छ ।हाम्रा प्रेरणादायी कथाहरू र सुरक्षितपर्यटन गतव्यका कुराले पाहुनाको विश्वास जित्दैनेपाललाई सर्वोत्कृष्ट एवं सुरक्षितपर्यटन गन्तव्यका रूपमा स्थापितगर्ने दृढताका साथ अगाडि बढेका छौँ ।”

अन्तर्राष्ट्रिय ट्राभल ट्रेड मेलाको रूपमा रहेको उक्त मार्टमा नेपाल, भारत, पाकिस्तान, चीन (तिब्बत), भुटान र म्यानमारकाबिक्रेताहरू तथा युरोप, अमेरिका, अष्ट्रेलिया, न्यूजिल्याड, एसिया, सि. आई. एस. राष्ट्रहरू, एशिया र अरब राष्ट्रका क्रेताहरू एउटै मञ्चमा भेला हुने आयोजकले जनाएको छ । भेलामा पर्यटन व्यापारसम्बन्धी ज्ञान, सीपर अनुभव आदान-प्रदानगरिन्छ ।

नेपाललाई विश्वसामु ‘ हिमालयप्रवेशको द्वार’, साहसिक पर्यटनको केन्द्र तथा सबल पर्यटनमैत्री गन्तव्यका रूपमा स्थापित गर्ने उद्देश्यका साथआयोजना हुने मार्ट नेपालको पर्यटन प्रवर्द्धनका लागि कोसेढुङ्गा बन्दै गएको छ । मार्टले छोटो समयमै विश्वपर्यटन बजारका क्षेत्रमा उलेख्य योगदान दिँदै आएको पाटा नेपालले जनाएको छ । रासस

# विदेशमा सीप सिकेर स्वदेशमा लगानी



रामपुर । कुनै समय घरका आँगन र डिलमा सौखका रूपमा कफी लगाइन्थ्यो । उत्पादन लिन नभई घर वरपरको वातावरण सुन्दर र हरियाली बनाउन गाउँघरमा सबैका घरमा दुई-चार बोट कफीका भेटिन्थे । कफीका बोटमा फलेका दानाको महत्व राम्रोसँग थाहा नहुँदा त्यसै खेर जान्थ्यो ।

हिजोआज भने कफीतर्फ आकर्षण बढ्दै गएको छ । यसको खरिद बिक्री, खेती विस्तारमा समेत जोड दिइन थालिएको छ । पाल्पाको रामपुर नगरपालिका-५ भम्बकका प्रेमबहादुर सिंले अहिले कफीखेती गर्नुका साथै गाउँघरमा उत्पादित कफी खरिद बिक्री गरिरहनुभएको छ । करिब आठ वर्ष दक्षिण कोरिया बसेर फर्कनुभएका उहाँ अहिले कफी व्यवसायमा रमाइरहनुभएको छ ।

विदेशमा रोजगारीका क्रममा उहाँ कफी कम्पनीमा काम गर्नुहुन्थ्यो । त्यहाँ बस्ने क्रममा कफी उत्पादन, प्रशोधन र बजारीकरणका सीप सिकेपछि अहिले स्वदेशमा बसेर व्यवसाय गर्न सजिलो भएको बताउनुहुन्छ । वैदेशिक रोजगारीका क्रममा गुल्मीमा उत्पादन भएको कफी आफू कार्यरत कम्पनी सञ्चालकले खरिद गरी हिमालयको गिफ्ट नामले प्रशोधन गरी बजारमा बिक्री गरेको देखेपछि सिंले गाउँ फर्केर आफ्नो देशको उत्पादन आफैँले बिक्री गर्ने अठोट लिनुभयो ।

“हाम्रो देशमा उत्पादन भएको कफी विदेशीले महँगो मूल्यमा ब्राण्ड बनाएर बजारमा बिक्री गरिरहेको छ”, उहाँले भन्नुभयो, “सीप र प्रविधि नहुँदा नेपाली उत्पादन विदेशीले प्रशोधन गरी बजार पठाएका छन्, आफ्नो उत्पादन आफैँ प्रशोधन गरी बजार पठाउने मनसायले विदेशबाट फर्केर यस व्यवसायमा लागेको हुँ ।”

नेपालमा उत्पादन भएको कफीको स्वाद बेग्लै पाएपछि नेपाल फर्केलगत्तै व्यवसायमा लागेको सिं बताउनुहुन्छ । उहाँले कफी उत्पादन, खरिद बिक्रीमात्र नभई ग्राहकको मागअनुसार बिरुवा उपलब्ध गराउँदै आउनुभएको छ । बरमुन अर्मिलो, बरमुन भर्बिलो, गेइसिया जातका कफी खरिद बिक्री गर्नुहुन्छ । स्थानीय उत्पादन भएकाले ग्राहकले धेरै मन पराएका छन् ।

उहाँ भन्नुहुन्छ, “घरका आँगन, डिल वरिपरि सौखमा रूपमा लगाइएका पाँच-सात कफीका बोट आमाले लगाउने गर्नुहुन्थ्यो, दाना फल्ने आफैँ भुइँमा झर्ने गर्थ्यो, कुनै उपयोगमा ल्याइएन, विदेशमा गएपछि मात्रै कफी कम्पनीमा काम गर्न थालेपछि यसको महत्व र फाइदाबारे जानकारी पाएँ ।” विदेशमा बटुलेको अनुभवले सिंले स्वदेशमा सोही सीप लगानी गर्नुभएको छ । आफूले उत्पादनदेखि प्रशोधनका प्रविधिको ज्ञान सीप जानेपछि काम गर्न धेरै सजिलो परेको उहाँको भनाइ छ । उहाँले गुल्मीबाट बीउ ल्याएर खेती सुरु गर्नुभएको हो । स्याङ्जाको चापाकोट नगरपालिका-४ लम्दाहामा आजभन्दा करिब सात वर्षअघि पाँच सय बोट बिरुवा लगाउनुभयो । सो बिरुवाले हाल उत्पादन दिइरहेको छ । व्यावसायिक तवरबाट खेती गर्नुभएका उहाँले बिरुवा लगाएको दुई वर्षमा फुल्न थालेको बताउनुहुन्छ ।

स्याङ्जाको वालिङ, जगत् भन्ज्याङमा उत्पादन भएका कफी खरिद गरेर पाल्पा रामपुरमा प्रशोधन गरी बाहिर पठाउनुहुन्छ । ‘अर्ग्यानिक चिया तथा कफी’ नाममा गत वर्ष घरेलु तथा साना उद्योग कार्यालय पाल्पामा दर्ता गरी आफैँ उत्पादन, खरिद, प्रशोधन गरी बजारीकरण गरिरहनुभएको छ । आफ्नै घरमा प्रशोधन मेसिन जडान गरी बजारीकरण गरेपछि राम्रै आम्दानी हुन थालेको सिंले बताउनुभयो ।

गत वर्षमात्रै आफूले लगाएको एक हजार आठ सय किलो कफी उत्पादन गर्नुभएको छ भने करिब २८ टन कफी खरिद बिक्री गरेको उहाँले बताउनुभयो । गत वर्ष एक हजार छ सय किलो कफी जापान, २५ किलो जर्मनी, सात किलो भारत, छ किलो कोरियालगायत देशमा खपत गर्नुभएको छ । गत वर्ष करिब रु आठ लाख बराबरको कारोबार गर्नुभएका सिं यस वर्ष रु १० लाख बढी कारोबार हुने बताउनुहुन्छ । छहारी, भिरालो जनिनमा बिरुवा लगाउनुभएको छ । कफीखेतीलाई व्यवसायीकरण गर्न उहाँले आफैँ उत्पादन गरेको एक हजार बिरुवा स्थानीयलाई निःशुल्क वितरण गर्नुभएको छ । यस वर्ष पाल्पा रामपुरमा कफीका बिरुवा लगाउने तयारी गरिरहनुभएको छ । “यसै व्यवसायबाट परिवारको जीविका चलेको छ, अर्काको देशमा काम गर्न सजिलो छैन, आफ्नै देशमा बसेर व्यवसाय गर्दाको आनन्द नै बेग्लै छ”, उहाँले भन्नुभयो ।

कफी प्रशोधनका लागि घरेलु तथा साना उद्योग कार्यालय पाल्पाले प्रशोधन गर्ने मेसिन अनुदानमा उपलब्ध गराएपछि सहज भएको छ । आफ्नै देशमा घरपरिवारका साथमा व्यवसाय गर्न पाउँदा मन आनन्दित भएको सिं अनुभव सुनाउनुहुन्छ । आफ्नो देशमा उत्पादन भएको वस्तु यहीँ प्रशोधन गरी उपभोक्तामाझ पुऱ्याउन पाउँदा खुसीको क्षण सम्झनुहुन्छ । उहाँले रामपुर क्षेत्रलाई कफी उत्पादन प्रशोधन केन्द्रका रूपमा चिनाउने अठोट लिनुभएको छ । जापानबाट माग धेरै आएकाले पुऱ्याउन नसकिएको उहाँ बताउनुहुन्छ । प्रशोधन गरिएको कफी हाल सिंले प्रतिकिलो रु एक हजार आठ सयमा बजारमा बिक्री गरिरहनुभएको छ ।

कफी उत्पादनका लागि सातवटा प्रशोधन मेसिनको व्यवस्थापन गर्नुभएको छ । यस व्यवसायमा करिब रु १० लाख बराबरको लगानी परेको छ । अहिले उहाँको नर्सरीमा करिब आठ हजार कफीका बिरुवा बिक्री गर्न लायकका छन् । मध्यपहाडका ४० जिल्लामा कफीखेती गरिएको तथ्याङ्क छ । केही जिल्लामा भने व्यावसायिकरूपमा खेती गरेको पाइन्छ । पाल्पा, स्याङ्जा, पर्वत, अर्घाखाँची, कास्की, लमजुङ, तनहुँ, गोरखा, ललितपुर, धादिङ, मकवानपुर, म्याग्दी, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोकलगायत जिल्लामा कफीखेतीको विस्तार गरिँदै छ ।रासस

# मकैमा अमेरिकी फौजी कीरा

बनियानी । झापाका केही स्थानमा लगाइएको मकै बालीमा अमेरिकी फौजी कीरा देखिएको छ । झापाको बाह्रदशी, अर्जुनधारा र भद्रपुरका केही स्थानमा अमेरिकी फौजी कीरा देखिएको हो ।

केही ठाउँमा अमेरिकी फौजी कीरा देखिएको कृषि ज्ञान केन्द्र झापाका कृषि प्रसार अधिकृत गणेश शिवाकोटीले जानकारी दिनुभयो । “ठूलो क्षति गर्ने गरी प्रकोपका रूपमा देखिएकोछैन”, उहाँलेभन्नुभयो । फौजी कीरा देखिएको ठाउँमा आवश्यक औषधोपचार गरिएको उहाँले बताउनुभयो ।

वर्षापछि घाम लाग्दा फौजी कीराको जीवनक्र बढी सक्रिय हुने भएकाले मकैखेती गर्ने कृषकलाई सचेत रहन कृषि ज्ञान केन्द्रले आग्रहसमेत गरेको छ । अमेरिकी फौजी कीरा मकै बालीमा लाग्ने पुतली समूहअन्तर्गत पर्ने रात्रिचर स्वभावको कीरा हो । भर्खर निस्किएको लार्भाले पातको हरियो भाग कोत्रेर खाइदिन्छ । यो कीराले क्षति पुऱ्याएको बिरुवा बढ्दै जाँदा पातमा स-साना प्वाल देखिन्छन् ।

“कलिलो अवस्थाको गुभोभित्र बसेर लार्भाले मकैको गुभो खाने गर्छ”, शिवाकोटीले भन्नुभयो, “लार्भाले खाँदै गर्दा पातहरूमा प्रशस्त आलो दिसा देख्न सकिन्छ, मकै बढ्दै गएपछि यसले धानचमर, जुँगा तथा घोगामा समेत नोक्सानी गर्छ ।”

**कृषकलाई ४५ लाख अनुदान**

प्रदेश नं १ सरकारले मकैखेती प्रवर्द्धनका लागि झापामा रु ४५ लाख अनुदान दिएको छ । मकैको उत्पादन बढाउने उद्देश्यले जिल्लामा तीन सय हेक्टरका लागि प्रतिहेक्टर रु १५ हजारका दरले अनुदान आएको शिवाकोटीले जानकारी दिनुभयो ।

जिल्लामा अनुदानका लागि मागभन्दा धेरै कृषकले आवेदन दिएका छन् । कृषकले सात सय हेक्टरमा खेती गरेको भन्दै अनुदानका लागि आवेदन दिएको कार्यालयले जनाएको छ ।रासस

# पोखरा-भद्रपुर सिधा उडानले व्यवसायी खुसी

पोखरा । पोखरालाई हवाई उडानबाट पूर्वी गन्तव्यसम्म जोड्ने तयारी भएपछि पोखराका पर्यटन व्यवसायी खुसी भएका छन् । निजी क्षेत्रको बुद्ध एयरले आगामी मार्च ९देखि पोखरादेखि भद्रपुरसम्म सिधा हवाई उडान गर्ने तयारी गरेको छ ।

“पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै हवाइ कनेक्टिभिटिमार्फत पूर्व-पश्चिम जोडेर यात्रुलाई सहज सेवा प्रदान गर्न बुद्ध एयर प्रतिवद्ध छ”,स्टेशन म्यानेजर गौतम बरालले भन्नुभयो ।

म्यानेजर बरालका अनुसार पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा बुद्ध एयरका चार जहाज रात्रिकालीन समयमा विमानस्थलमा हुनेछन् । ती विमानले बिहान चार स्थानमा उडान भर्नेछन् । काठमाडौ, भैरहवा, नेपालगञ्ज नियमित उडान भइरहेका छन् भने अब पोखराबाट बिहान ६:१५ मा जहाज भद्रपुरका लागि उड्नेछ । भद्रपुरबाट पोखराका लागि भने बेलुकी ६:५५ मा उडान हुने जनाइएको छ । हवाइ उडान दुरी एक घण्टा १० मिनेटको हुनेछ ।

पोखरा-भद्रपुर सिधा उडान नहुँदा यहाँ आउने यात्रुले सास्ती खेप्नु परेकाले यात्रुको सहजताका लागि सिधा उडान सञ्चालन गर्न लागिएको उहाँले बताउनुभयो । यसले पश्चिम क्षेत्रलाई पूर्वी गन्तव्यसँग जोडर आन्तरिक पर्यटनका साथै भारतीय पर्यटकलाई पोखरासम्म ल्याउन सघाउ पुग्ने मेनेजर बरालको भनाइ थियो । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरामा अन्तराष्ट्रिय विमानस्थल सञ्चालन भएसँगै अन्य जिल्लासँगको कनेक्टिभिटि बढ्ने र आन्तरिक पर्यटन प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो । “पोखरा पर्यटकीय शहर हो, पूर्वबाट पोखरा आउन चाहने पर्यटकलाई बुद्ध एयरको सिधा उडानले सहज गराउनका साथै भारतीय पर्यटकलाई पोखरा भित्र्याउन भूमिका निर्वाह गर्छ”, उहाँले भन्नुभयो ।

अध्यक्ष श्रेष्ठले यहाँ अन्तर ाष्ट्रिय विमानस्थल सञ्चालन भए पनि अन्तर्राष्ट्रिय उडान हुन नसकेको प्रति गुनासो गर्दै छिटोभन्दा छिटो उडानका लागि पहल गर्न सरकार र सरोकारवालासमक्ष आग्रह गर्नुभयो ।रासस

# फेब्रुअरीमा ७३ हजार पर्यटक



काठमाण्डु । अङ्ग्रेजी वर्ष सन् २०२३ को फेब्रुअरी महिनामा ७३ हजारभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार वर्षको दोस्रो महिना हवाई मार्ग भएर ७३ हजार दुई सय ५५ पर्यटकले नेपाल भ्रमण गरेका छन् । जनवरी महिनामा ५५ हजार ७४ जना विदेशी पर्यटक नेपाल भित्रिएका थिए ।

अघिल्लो वर्ष सन् २०२२ को फेब्रुअरीमा १९ हजार सात सय ६६ पर्यटकको नेपाल आगमन भएको थियो । सन् २०२१ को सोही महिनामा नौ हजार एक सय ४६ पर्यटकले नेपाल भ्रमण गरेका थिए । पछिल्ला दिनमा विदेशी पर्यटक आगमन उत्साहबर्द्धक रहेको बोर्डका निर्देशक मणिराज लामिछानेले बताउनुभयो । फेब्रुअरीमा भारतबाट १८ हजार चार सय एक पर्यटक आएका छन् । अमेरिकाबाट सात हजार आठ सय ८७ पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

त्यस्तै, थाइल्याण्डबाट चार हजार आठ सय दुई, दक्षिण कोरियाबाट तीन हजार दुई सय ४६, अष्ट्रेलियाबाट दुई हजार नौ सय ६९, चीनबाट दुई हजार दुई सय ६६, म्यानमारबाट दुई हजार दुई सय ३२, श्रीलङ्काबाट दुई हजार एक सय १७ र जर्मनीबाट दुई हजार एक सय आठ पर्यटक नेपाल भित्रिएका छन् ।

पछिल्लो तथ्याङ्कले महामारीपछि फेब्रुअरी महिनामा हालसम्मकै उल्लेख्य सङ्ख्यामा पर्यटक आएको देखिन्छ । कोभिड-१९ महामारीका कारण घटेको विदेशी पर्यटकको सङ्ख्या सन् २०२२ मा भने केही बढेको थियो । उक्त वर्ष छ लाख १४ हजार एक सय ४८ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए । तर सन् २०२० मा कोरोना महामारीका कारण विदेशी पर्यटकको सङ्ख्या ८१ प्रतिशतले कमी आई दुई लाख ३० हजार ८५ जना पर्यटक नेपाल भित्रिएका थिए । त्यसैगरी २०२१ मा भने एक लाख ५० हजार नौ सय ६२ पर्यटक नेपाल आएका थिए ।रासस

# ‘मतदाता नामावली दर्ता स्थानीय तहबाटै गरिने’

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले देशमा चारदशकदेखि निर्वाचन भइरहँदा पनि अहिलेसम्म निर्वाचन प्रक्रियामा कुनै सुधार हुन नसकेको छ भने मतबदरको संख्या करीब-करीब ५ प्रतिशतको वरिपरि घुमिरहेको उनले बताए।

निर्वाचन हुन थालेको यतिका दिन बित्दा पनि किन सुधार भएन भन्ने प्रश्न गर्दै उनले भने,‘ किन कि



बताएका छन्।

जनकपुरधाममा बुधबारदेखि सुरु भएको निर्वाचन सम्पर्क व्यक्तिहरुका लागि अभिमुखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रममा उनले सो कुरा बताएका छन्।

२०३६ सालदेखिको निर्वाचनको तथ्यांक आयोगसंग रहेको उल्लेख गर्दै उनले भने,‘०३६ सालको जनमत संग्रहमा कति मत खस्यो,३८ सालको राष्ट्रिय पञ्चायतको चुनावमा कति मत खस्यो? कति बदर भयो? र ०४८ सालको निर्वाचनदेखि स्थानीय तह र अहिलेसम्मको सबैको मतदानको तीन ट्रेन एनालाइसिस गरेर हेर्दा खासै कही कतै सुधार भएको देखिएन।’

आयोगको तथ्यांक विश्लेषण गर्दा करीब ७० प्रतिशत मतदानकै वरिपरि घुमिराखेको देखिएको हामीले मतदाता शिक्षालाई एउटा निरन्तर प्रक्रियाको रुपमा स्थापित गरेनौ, यो नागरिक शिक्षाको विषय हो, मतदाता शिक्षा भनेको एक दिन गएर भोट हाल्दा कहा निर भोट हाल्ने हो भन्ने होइन। मतदाता शिक्षा भनेको हरेक नागरिकले मतदान किन गर्नुपर्दछ, निर्वाचन किन आवश्यक छ ? निर्वाचनप्रतिको मेरो कर्तव्य के हो भनेर बोध हुनु हो।’

मतदाता शिक्षा एवम् निर्वाचन शिक्षालाई अब विद्यालय शिक्षामा समावेश गर्नुपर्ने र पाठ्यक्रमको रुपमा यसलाई स्थापित गर्न सक्यौ भने आगामी दिनमा निर्वाचनमा मतदानको प्रतिशत बढ्ने र बदर मतको संख्या स्वतः घटेर जाने प्रमुख आयुक्त थपलियाले बताए। अहिलेको अवस्थामा हामीले मतदाता नामावलीमा दर्ता गराउनसमेत सचेत नरहेकोले लोकतन्त्रिक अभ्यास पनि कमजोर भएको उल्लेख गरे।

आयुक्त थपलियाले स्थानीय सरकारबाट गर्न सकिने निर्वाचन सम्बन्धी कार्यहरु स्थानीय तहबाटै हुनुपर्ने धारणा राखे। लोकतान्त्रिक अभ्यास गर्ने सबैभन्दा उपयुक्त थलो गाउँपालिका र नगरपालिका रहेको बताउँदै निर्वाचन सम्बन्धी कामकाजहरु पालिकाबाटै गर्न सकिए त्यसले आयोगको खर्चमा समेत बचत हुने र जनताले निर्वाचन प्रक्रियाबारे नजिकबाट बुझ्न सक्ने धारणासमेत राखे।

‘जनतासंग सबैभन्दा नजीकको निकाय भनेको स्थानीय तह नै रहेको र स्थानीय सरकारले नै कसको नाम मतदाता नामावलीमा छैन ?कसको बिहे भएर बसाई सरे कसको मृत्यु भइसक्यो तर अझै पनि नामावलीमा नाम छँदैछ यी यावत कुराहरुबारे स्थानीय सरकारलाई नै सबभन्दा बढी थाहा हुने भएकोले पनि निर्वाचन प्रक्रियालाई अझै सुधार गर्ने हो भने निर्वाचनको बढी भन्दा बढी काम स्थानीय तहबाटै हुनु पर्‍यो’उनले बताए।

अब स्थानीयतहबाटै मतदाता नामावलीको दर्ता तथा अभिलेखिकरणको कामलाईसमेत स्थानीय तहबाटै गरिने तयारी भइसकेकोले निर्वाचन सम्बन्धी कामकै लागि प्रत्येक स्थानीय तहमा निर्वाचन सम्पर्क व्यक्ति राख्ने कानून ल्याइएको जानकारी दिए।

उनले भने,‘अब हामीले कानून बनाइ अधिकार दिएर प्रत्येक पालिकामा रहेका निर्वाचन सम्पर्क व्यक्तिको रेखदेख र रिपोर्टिंग हुने गरी एक जना कुनै कर्मचारी राखेर मतदाता नामावलीको काम अब ७ सय ५३ वटै पालिकाबाटै गर्नुपर्छ भन्ने अवस्थामा जानुपर्ने आवश्यकता छ।’

बसाइसराइ,बिहेबारी हुँदा स्थान परिवर्तनलगायतको समयमा मतदाता नामावलीमा भने कुनै परिवर्तन नहुँदा अहिले समस्या हुने गरेकोबेला सुधार गर्नका लागि पनि स्थानीय तहबाटै निर्वाचन सम्बन्धी प्राथमिक कामहरु हुनुपर्ने उनले स्पष्ट पारे।

‘कोही पनि नछुट्न कसैको पनि नाम नदोहोरिउन’ भन्ने मूलमन्त्रलाई कार्यान्वयनमा ल्याउनका लागि पनि स्थानीय तह नै सबभन्दा उपयुक्त ठाउँ भएको उनले बताए।

अहिलेको कानून अनुसार हुने कार्यहरु तत्काल सुरु गर्ने जानकारी दिँदै उनले भने ‘कानूनमा संशोधन गर्नुपर्ने आवश्यकता परे संशोधन गरेर अगाडि बढाइने छ तर मतदाता नामावली सम्बन्धी कामहरु स्थानीय तहबाटै गरिनेछ।’

मतदान स्थल छनोटबारे पनि विगतमा थुप्रै गुनासाहरु आएको भन्दै आगामी दिनमा मतदाता स्थल छनोट गर्दा सुरक्षित,मतदातालाई पायक पर्ने ठाउँ अनुसारको हुनुपर्नेमा उनले जोड दिए।

लैंगिक मैत्रि,ज्येष्ठ नागरिक,अपांगता भएका व्यक्तिहरु लगायतका लागि हुनुपर्ने अतिरिक्त व्यवस्थाको लागिसमेत स्थानीय तह नै गम्भीर हुन जरुरी रहेको उनले प्रष्ट्याए।

# संघीयता नै मधेशको भविष्य : अध्यक्ष यादव

**धुबकुमार झा**

जनकपुरधाम। जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले संघीयता नै मधेशको भविष्य रहेको बताएका छन्।



बुधबार जनकपुरधाममा आयोजित मधेश प्रज्ञा प्रतिष्ठानको शुभारम्भ गर्दै उनले संघीयताको रक्षा गर्दै भाषा संस्कृतिलाई पुर्नजागृत गरी अर्को पुस्ताले गौरव गर्ने अवस्थाको सृजना गर्नुपर्ने अहिलेको आवश्यकता रहेको बताए।

केही व्यक्तिहरुले संघीयताको विरोध गर्दै एकात्मक शासनको कुरा उठाउँदैछन् तर त्यो सुर्योदयको बेला दीप जलाएर संघीयताको विरोध गर्दैछन् तर अब त्यो कदापि सम्भव नरहेको उनले धारणा राखे।

संघीय गणतन्त्रमा त्रुटि भए त्यसलाई सुधार गर्नसक्ने भएको चर्चा गर्दै लोकतन्त्र,गणतन्त्रको विकल्प गणतन्त्र नै हुने र अर्को कुनै विकल्प हुन नसक्ने उनले प्रष्ट गरे।

संघीय प्रणालीलाई समाप्त पारी फेरि मुलुकलाई एकात्मक ,केन्द्रिकृत निरंकुश शासनतर्फ लैजाने दुष्प्रयास भइरहे पनि त्यो प्रयास कदापि सफल हुन नसक्ने उनले बताए।

उनले भने पटक-पटक भन्दा पनि आजसम्म उनीहरुकै कारण संघीय निजामती ऐनसमेत संघीय संसदबाट पास हुन सकेको छैन। निजामती ऐन पास नहुँदा प्रदेश सरकारलाई आफ्नो कर्मचारी तन्त्र नै छैन। सरकार कसलाई भन्ने ? एउटा आर्मीको सवारी गार्ड लिएर घुम्नुलाई सरकार भनिदैन। सरकार त्यसलाई भन्ने हो जसको आफ्नो प्रशासन होस ,आफ्नो अदालत होस,आफ्नो कानून होस,आफ्नो प्रहरी होस आफ्नो स्रोतसाधनमा अधिकार होस अनि न आफ्नो सरकार।

त्यसैले अहिलेको सरकार पहिलेको सरकारलाई बेवास्ता गरेको छ। अहिलेको सरकारसंग हामीले दुईटा कुरा तत्काल गर्नुपर्ने माग गर्दछौं। संघीयता निजामती ऐन छिटो भन्दा छिटो पास गर्नुपर्ने र प्रदेशको कर्मचारीतन्त्रलाई स्थापित गर्नुपर्ने अर्को प्रहरी समायोजन ऐन प्रहरीलाई प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने माग पनि उनले गरे।

मिथिलाको सभ्यता र संस्कृति उत्कर्षमा रहेको बेला नेपाल र नेपालीको कुनै अस्तित्व नै नरहेको बताउँदै लामो समयदेखि परतन्त्रताको अवस्थामा रहेको कारण सो गौरव हराउँदै गएको उनले धारणा राखे। त्यसैले अहिले पनि हामी सचेत हुन चुक्यौ भने संघीय गणतन्त्र समाप्त भएर जाने नेता यादवले भने।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले निर्वतमान मधेश सरकारले बनाएको आयोग र प्रतिष्ठानहरु इमान्दारीपूर्वक काम गर्न नसकेको टिप्पणी गरेका छन्।

प्रतिष्ठान र आयोग तलब भत्ता मात्र पकाउने काम बाहेक केही गर्न नसकेको उनको कथन थियो। प्रतिष्ठानको कामलाई प्रभावकारी रुपमा अघि बढाउन सके मात्रै यसको औचित्य रहने उनले बताए।

प्रतिष्ठानका अध्यक्ष रामभरोष कापडिको अध्यक्षतामा भएको कार्यक्रममा सामाजिक विकास मन्त्री सुरिता कुमारी साह, अर्थ मन्त्री संजय कुमार यादव, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. रामकेवल साह, सामाजिक विकास मन्त्रालका सचिव, मधेश सरकारका मुख्यन्यायाधिवक्ता वीरेन्द्र ठाकुर, प्रतिष्ठानका सदस्यद्वय गोपाल ठाकुर र दिनेश यादवसहितले शुभकामना मनतव्य राखेका थिए।

# गौर होस्पिटलमाथि छानबिन गर्न माग

**राकेश यादव**

गौर। प्रादेशिक अस्पताल गौरको मुख्य गेटमा सञ्चालनमा रहेको गौर होस्पिटल प्राइभेट लिमिटेडमाथि छानबिन गर्न स्थानीयले माग गरेका छन्।




मधेश प्रदेश सरकारको मातहतमा रहेको सरकारी अस्पतालमा स्वास्थ्य सेवा लिन जाने बिरामीहरुलाई झुक्याएर अनुचित लाभ लिने उद्देश्यले जिल्ला अस्पतालको नाउ संग मिल्ने खालको नाउ राखेर सञ्चालन गरेका गौर होस्पिटल प्रालिको दर्ता प्रक्रिया बारे छानबिन गर्नुपर्ने माग गरिएको छ।

गौर नगरपालिका - ३ मा रहेको गौर अस्पताल भित्र प्रवेश गर्ने मुख्य गेटदेखि पूर्व करीब ५० मिटर कै दूरीमा मिल्ने नाउको निजी अस्पताल खोल्न नमिल्ने जानकारहरु बताउँछन्।

घनश्याम साह , राधे श्याम साह र रामानन्द साहले सञ्चालन गर्दै आएको गौर होस्पिटल प्रा.लिले बाहिरबाट चिकित्सक बोलाएर उपचार गर्न चर्को शुल्क लिने गरेको बुझिएको छ।

स्वास्थ्य सेवा प्रवाह गर्ने उद्देश्य राखेर अस्पताल सञ्चालन गर्न चाहँदा सदर अस्पतालबाट सहमति लिनुपर्ने प्रावधान रहेकोमा सो नलिइ एउटै नाउबाट अर्को अस्पताल खोल्नु अवैधानिक रहेको स्थानीय विनोद यादवको कथन छ।

तत्कालीन गौर नगरपालिकाका नगर प्रमुख अजय कुमार गुप्ताले गौर होस्पिटल प्रा.लि सञ्चालनका लागि अनुमति प्रदान नगरेको अस्पतालको नाउ परिवर्तन गर्नुपर्ने जानकारी हुँदाहुँदै पनि गौर अस्पतालको नक्कल गरी खोलिएको अस्पतालमाथि छानबिन गर्नको लागि राजदेवी नगरपालिका - ७ का एक जनाले जिल्ला प्रशासन कार्यालय रौतहटमा उजुरीसमेत दर्ता गराएका छन्।

दर्ता गराइएको उजुरीमा गौर होस्पिटल प्रा.लि ले कुनै प्रक्रिया न अपनाई दर्ता गराएको,कुन निकायबाट नाउ राख्न सहमति लिएको , नेपाल सरकारलाइ तिर्नुपर्ने कर तिरेको हो वा होइन , लेखापरीक्षण गराएको हो होइन , सुलभ फार्मेसीको औषधि बिक्री वितरण गर्न सम्बन्धित निकायबाट अनुमति प्रदान गरिएको हो होइनसहितको सम्पूर्ण कागजात झिकाएर छानबिन गरी कारबाहीको माग गरिएको छ।

# परिक्रमा सत्तोषरमा

**टुडे समाचारदाता**

जनकपुरधाम। मिथिला माध्यमिकी परिक्रमा बिहीबार सत्तोषर पुग्ने भएको छ।

बुधबार धनुषाधाममा विश्राम गरेको परिक्रमा बिहीबार विहानै (आज) ११ औं विश्रामस्थल सत्तोषर पुग्ने छ।

सत्तोषर विश्रामस्थलमा सबैला नगरपालिकाले तयारी गरेका छन्। परिक्रमा पुग्नुको पूर्व सन्ध्यामा त्यहाँ सरसफाइ र शौचालय निर्माणको कामहरु गरेका छन्।

सबैला नगरपालिकाले नगरमा परिक्रमाको आगमन भएको दिन सार्वजनिक विदासमेत दिएका थिए। त्यहाँको मन्दिर हरुलाई पनि सजाइएको थियो।

धनुषाको कचुरी स्थित मिथिला बिहारी मन्दिरबाट यही फागुण ८ गतेदेखि सुरु भएको परिक्रमा ११ औं विश्राम स्थलमा आइपुगेको छ। मिथिला बिहारी मन्दिरबाट सुरु भइ हनुमानगढी, भारतको कल्याणेश्वर, गिरिजास्थान, मटिहानी, जलेश्वर, मडइ, ध्रुवकुण्ड, कञ्चनवन, पर्वता हुँदै धनुषाधाम पुगेको थियो। धनुषाधाममा रात्रि विश्राम गरेको परिक्रमा आज सत्तोषर पुगेर रात्रि विश्राम गर्नेछ।

त्यसपछि परिक्रमा औरही हुँदै भारतको करुणा, विशौल र कल्याणेश्वर स्थान सम्म पुगेर पुनः १४ औं दिन जनकपुरधाम फर्किने परम्परा रहेको छ।

जनकपुरधाम पुगेर जनकपुरधामको अन्तरगृह परिक्रमा गरेपछि मध्यमा परिक्रमा पूरा भएको मानिन्छ। जुन व्यक्तिले मध्यमा परिक्रमा भाग लिन नसकेको भए पनि अन्तगृहमा परिक्रमामा सहभागी भए मोक्षको भागी बन्ने जनविश्वास छ।

नेपाल भारत दुबै मुलुकको धार्मिक सांस्कृतिक एवम् पारम्परिक सद्भावका प्रतीक बनेको परिक्रमा यात्राको नेपालमा १३ तथा भारतमा दुई गरी १५ विश्रामस्थल छन्। यस यात्राका सहयात्रीले नेपालका १ सय २ एवम् भारतको २६ गरी १ सय २८ किलोमिटर पैदलयात्रा गर्नुपर्ने हुन्छ।

# गाँजासहित नवल पक्राउ

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीमा प्रतिबन्धित गाँजासहित एक जनालाई प्रहरीले पक्राउ परेको छ। बुधबार एकडारा गाउँपालिका ५ बहेराका ५१ वर्षीय नवल किशोर मण्डल तीन किलोग्राम गाँजासहित पक्राउ परेको छ।

प्रहरीले उनलाई घर अगाडि आँगनमा सेतो प्लाष्टिकको बोरा भित्र राखेको गाँजासहित पक्राउ गरेको जनाएको छ। गाँजाको अर्ध सुकेको ६० वटा बोटहरू पनि फेला पारेको छ। जिल्ला अदालत महोत्तरीबाट दश दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# सेवाग्राहीको चाप हुने कार्यालय शनिबार पनि खुल्ने

**टुडे समाचारदाता**

काठमाण्डु। सरकारले शनिबारबाहेकका अधिकांश सार्वजनिक विदाका दिन सेवाग्राहीको चाप हुने सरकारी कार्यालय खुला राख्ने भएको छ।

सोमबारको मन्त्रिपरिषद् बैठकले सेवाग्राहीको चाप हुने सरकारी निकाय दशैं, तिहार, छठ जस्ता ठूला चाडबाहेकका जात्रा, पर्व, दिवस, जयन्तीजस्ता सार्वजनिक विदामा खुला राख्ने निर्णय गरेको छ।

आगामी वर्षको विदा पुनरावलोकन गर्ने क्रममा मन्त्रिपरिषद्को प्रशासन समितिमा केही सचिवहरुले अत्यधिक विदा भएकाले कटौतीको अवधारणामा जानुपर्छ भन्ने सुझाव दिएका थिए।

तर समावेशी र सहभागीमूलक अवधारणाको प्रतिकूल हुने गरी कुनै चाडबाडमा विदा दिने र कुनैमा नदिने गर्न नहुने भएकाले निश्चित विदामा कार्यालय सञ्चालन गर्ने अवधारणा अघि सारिएको छ।

‘मुलुकले नै समावेशी र सहभागीमूलक शासनपद्धति अंगीकार गरेपछि विभिन्न जातजाति र समूदायको चाडपर्वमा दिँदै आएको विदा कटौती गर्न नहुने निष्कर्ष निकाल्यौं’ मन्त्रिपरिषदको प्रशासन समितिमा रहेका एक सचिव भन्छन्।

बरु २३ वटा सार्वजनिक विदाका दिन सेवाग्राहीको अत्यधिक चाप हुने निकाय तथा कार्यालयमा सेवा दिने तयारी भएको छ। यसका लागि सार्वजनिक विदाका दिन खुला हुने सरकारी कार्यालय र त्यहाँबाट प्रवाह हुने सेवा तोक्ने तयारी छ।

गृहमन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यदलले कुनकुन बिदाको दिन कुन कुन कार्यालय खुल्ने भन्ने खाका तयार गरेको छ।

वर्षभरका ५२ वटा शनिबार भने सरकारी कार्यालय खुल्दैनन्। कुल जनसंख्याको करिब ३/४ प्रतिशतभन्दा कम संख्या रहेका समुदायको चाडबाड, जात्रा जात्रा, पर्व, जयन्ती जस्ता प्रकृतिका सार्वजनिक विदामा कार्यालयहरु खुल्नेछन्।

बुद्धजयन्ती, जनैपूर्णिमा, कृष्ण जन्माष्टमी, घटस्थापना, उधौली, उभौली, क्रिसमस, तमु ल्होसार, माघे संक्रान्ति, सोनाम ल्होसार, शिवरात्री, ग्याल्पो ल्होसार, बकर इद, इदुल फित्र र फागु पूर्णिमाका दिन कार्यालय खोल्ने तयारी छ। यस्तै नयाँवर्ष, गणतन्त्र दिवस, मे दिवस, संविधान दिवस, प्रजातन्त्र दिवस, महिला दिवस, पृथ्वी जयन्ती र जनयुद्ध दिवसका दिन पनि कार्यालय खोल्ने प्रस्ताव छ।

# भूमि अधिकार आन्दोलनमा राष्ट्रिय एकता अभियानको ऐक्यबद्धता

**टुडे समाचारदाता**

जनकपुरधामाजनकपुरधाममाजारी भूमिहीनहरूको अनिश्चितकालीन धर्नामा राष्ट्रिय एकता अभियानले ऐक्यबद्धता जनाएको छ।




अभियानका अध्यक्ष विनय यादव धर्ना स्थलमा उपस्थित भइ भूमिहीनहरुको आन्दोलनमा ऐक्यबद्धता जनाएका छन्।

‘भूमि अधिकार र चुरे वन जंगल संरक्षण र सम्वर्द्धनका निम्ति जन आवाज आन्दोलन’को क्रममा जारी धर्नामा अध्यक्ष यादवसहित मनीष हिन्दू, रवि साह, बन्दना पाण्डेय, जय यादव, हिन्दी अभियानी रमन पाण्डेय लगायतको उपस्थिति रहेको थियो।

चुरे तथा वन जङ्गल संरक्षण अभियानीका राष्ट्रिय संयोजक सुनिल यादवको नेतृत्वमा सयौंको संख्यामा जनकपुरधामस्थित राराब क्याम्पसको पूर्वपट्टी गुठी संस्थानको खाली जग्गामा भूमिहीन सुकुम्बासीहरू जग्गासहित विभिन्न ५ बुँदे माग राख्दै धर्ना बसेका छन्। भूमिहीनहरुले धर्नाका लागि मेस नै संचालन गरेका छन्।

अभियानका संयोजक यादवले पटक पटक आन्दोलन गरे पनि सरकारले आफूलाई ठग्दै आएकाले भूमि अधिकारका लागि जन आवाज आन्दोलन अन्तर्गत अनिश्चितकालीन धर्ना सुरु गरेको बताए।

जबसम्म आफूहरूको माग पूरा हुँदैन तबसम्म धर्ना जारी रहने उनले बताए। भूमिहीन तथा सुकुम्बासीको आवासको हक मौलिक हकका रूपमा धारा ३७ मा व्यवस्था भएकोले राज्यले गम्भीरताका साथ संविधानको कार्यान्वयनमा तदारुकता देखाउनुपर्ने आफूहरूको माग रहेको उनले बताए।

चुरे तथा वन जङ्गल संरक्षण अभियान र मधेश प्रदेश सरकारबीच भएको ७ बुँदे सहमति तत्काल कार्यान्वयन गर्न पहल गर्नुपर्ने, अवैध क्रसर उद्योगहरूको गतिविधि उपर तत्काल रोक लगाउन र दिलीप महतोलाई पर्यावरणीय शहीद घोषणा गर्नुपर्ने मागसमेत अभियानीहरूले अघि सारेका छन्।

धर्ना दिनुअघि अभियानका नेतृत्वमा भूमिहीन भनिएकाहरूले आफ्ना मागसहित नगरमा जुलुस प्रदर्शन गर्दै मुख्यमन्त्री कार्यालय र जिल्ला प्रशासन कार्यालय घेराउसमेत गरेका थिए।

# नगरपालिकाको स्थापना दिवस

**बखतियार अलि**

मलंगवा। सर्लाही जिल्ला कै सबैभन्दा पुरानो तथा पहिलो नगरपालिका मलंगवा नगरपालिकाले आफ्नो ३६औं स्थापना दिवस मनाउने क्रममा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

नगर विकास चिन्तन अन्तर्गत नगर प्रमुख नागेन्द्र प्रसाद यादवको अध्यक्षतामा ‘मलंगवा नगरपालिकाको विकास ,सम्भावना र चुनौती’को विषयक अन्तरक्रिया सम्पन्न भएको छ।




कार्यक्रममा कार्यपत्र मार्फत प्रस्तुत गरिएको नगर विकासको योजना तथा सल्लाह सुझावहरुको विषयमा वृहत् रुपमा छलफल गरिएको थियो।

कार्यक्रमबाट आएका सुझावहरुलाई आत्मसात गर्दै नगर प्रमुख यादवले नगर विकाससंग प्रत्यक्ष सरोकार राख्ने पूर्वाधार विकास, सामाजिक विकास,आर्थिक विकास , शिक्षा, स्वास्थ्य, पर्यटन प्रवर्द्धन , सांस्कृतिक सम्पदाहरुको संरक्षण, पार्क निर्माण, हरियाली प्रवर्द्धन , कृषिको आधुनिकीकरण, वातावरण संरक्षण, सेवा प्रवाहलगायत नगरवासीहरुसंग प्रत्यक्ष सरोकार राख्ने योजना तथा कार्यक्रमहरुलाई पहिलो प्राथमिकता दिएर कार्य गर्ने बताए।

उनले आफू आउनु भन्दा पहिला जे जस्तो राम्रो अथवा नराम्रो काम भएको थियो ती कामहरुको लेखाजोखा नगरी अब यस नगरपालिकालाई सर्लाही जिल्लाको मात्र नभइ प्रदेश कै नमूना र समृद्ध पालिका बनाउन आफू लागि पर्ने प्रतिबद्धता व्यक्त गरे।

प्रमुख प्रशासकीय अधिकृत गेहनाथ गौतम,मधेश प्रदेशका सांसद कौशल किशोर राय,जिल्ला समन्वय प्रमुख कौशल किशोर सिंह,प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, पूर्व सांसद रामचन्द्र राय,लक्ष्मण राय,विभिन्न सरकारी कार्यालयका प्रमुख ,विभिन्न राजनीतिक दलका प्रतिनिधि ,स्थानीय जनप्रतिनिधि ,शिक्षा तथा स्वास्थको क्षेत्रमा आबद्ध व्यक्ति ,नागरिक समाज तथा पत्रकार हरुको कार्यक्रममा सहभागिता रहेको थियो।

नगरपालिकाले आफ्नो ३६ औं नगर दिवसको अवसरमा सामुदायिक महिला स्वयंसेविकाहरुबीच म्युजिकल चेयर प्रतियोगिता सम्पन्न गरिसकेको छ भने बिहीबार नगर दिवसको दिन नगरपालिकाको प्रतीक चिह्न सार्वजनिक गर्ने,आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न नगरकोबीच भागमा अवस्थित जनसागर पोखरीमा डुङ्गा संचालन गर्ने र खेलकुदलाई बढावा दिन मेयर तथा प्रमुख प्रशासकीय अधिकृत मैत्रीपूर्ण कप फुटबल, तथा गाग्री फुटाउने खेल प्रतियोगिताको साथसाथै खुल्ला सांगीतिक कार्यक्रमको आयोजना गरिने नगरपालिकाका सूचना अधिकृत राजकुमार अधिकारीले जनाएका छन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८